मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

पूर्वाञ्चल

Purwanchal National Daily

धार्मिक सहिष्णुता जोगाऔं ।
सामाजिक सद्भाव कायम राखौं ।

श्रीअन्तु प्रकाशन प्रा.लि.
पूर्वाञ्चल दैनिक
www.purwanchaldaily.com

◆ वर्ष : २८ ◆ अङ्क : २८५ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८० भदौ १५ गते शुक्रबार (Friday, Sept. 1. 2023) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

मोटरसाइकल दुर्घटनामा तीनको मृत्यु, सात जना घाइते

जापान जाने तयारीमा थिइन् जेसिका, बैंक कर्मचारी थिए सागर

मृतक सागर घिमिरे र जेसिका सिग्देल ।

बिर्तामोड, भदौ १४। झापाका छुट्टा-छुट्टै स्थानमा भएको सवारी दुर्घटनामा तीन जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा एक महिला र दुई पुरुष रहेका छन् । अन्य सात जना घाइते भएको प्रहरीले जनाएको छ ।

पूर्व-पश्चिम महेन्द्र राजमार्ग अन्तर्गत शिवसताक्षी-१० स्थित कनकाई पुलमा दुई वटा मोटरसाइकल ठक्कर खाँदा एक युवतीको मृत्यु भएको हो । मृत्यु हुनेमा बाह्रदशी-५ निवासी १८ वर्षीया जेसिका सिग्देल रहेको जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाले जनाएको छ ।

कनकाई पुलमा पश्चिमबाट पूर्वतर्फ आउँदै गरेको मे ३ प ५४६३ नम्बरको मोटरसाइकलले साइकलयात्रीलाई ठक्कर दिई विपरीत दिशाबाट गइरहेको को३१प ९५२९ नम्बरको मोटरसाइकलसँग ठोक्किँदा दुर्घटना भएको थियो ।

दुर्घटनामा परी मे ३ प ५४६३ नम्बरको मोटरसाइकल चालक भद्रपुर-९ निवासी ४० वर्षीय रुद्रप्रसाद न्यौपानेको हात, ढाडमा चोट लागेको र सोही मोटरसाइकल पछाडि सवार सिग्देलको दाहिने कानबाट रगत बग्दा गम्भीर घाइते भएकी थिइन् ।

घाइते दुवै जनालाई बिर्तासिटी अस्पताल बिर्तामोड ल्याइएकोमा जेसिकाको सोही अस्पतालमा उपचारको क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी नायव उपरीक्षक खगेन्द्रप्रसाद रिजालले जानकारी दिए । मृतक जेसिका अध्ययनका लागि जापान जाने तयारीमा रहेको जनाइएको छ ।

त्यस्तै को३१प ९५२९ नम्बरको मोटरसाइकल चालक दमक नगरपालिका-१ निवासी ४० वर्षीय सुरेश राई र सोही मोटरसाइकल पछाडि सवार इलाम जिल्ला चुलाचुली-४ निवासी २९ वर्षीय निश्चल चेम्जोङ घाइते भएका छन् । घाइते दुवै जनाको टाउकोसहित हातखुट्टामा चोट लागेको र उनीहरूको वीएण्डसी अस्पताल बिर्तामोडमा उपचार भइरहेको प्रहरीले जनाएको छ । साइकलयात्री अर्जुनधारा-५ निवासी ६३ वर्षीय गंगा तामाङको दायाँ खुट्टामा सामान्य चोट लागेको र स्थानीय मेडिकलमा उपचार गरी घर फर्किसकेको प्रहरीले जनाएको छ । यता दुर्घटनामा परेका दुवै मोटरसाइकललाई अस्थायी प्रहरी चौकी माईधारले नियन्त्रणमा लिएको बताइएको छ ।

त्यस्तै बिर्तामोडमा दुईवटा मोटरसाइकल एकापसमा ठोक्किँदा एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा कनकाई-५ निवासी २६ वर्षीय सागर घिमिरे रहेका छन् । पूर्व-पश्चिम महेन्द्र राजमार्ग अन्तर्गत बिर्तामोड-३ मा पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको मे५प ५५६८ नम्बरको मोटरसाइकल र विपरीत दिशाबाट आउँदै गरेको प्र १-०१-०१३ प ५१४० नम्बरको मोटरसाइकल एकापसमा ठोक्किँदा दुर्घटना भएको थियो ।

दुर्घटनामा ५५६८ नम्बरको मोटरसाइकल चालक घिमिरे गम्भीर घाइते भइ उपचारको लागि वीएण्डसी अस्पताल बिर्तामोड पठाइएको थियो । उनलाई अस्पताल पुऱ्याउनासाथ चिकित्सकले मृत घोषित गरेका थिए । उनी माछापुच्छे बैंकका कर्मचारी रहेको बताइएको छ । ५१४० नम्बरको मोटरसाइकल भद्रपुर-१० निवासी २९ वर्षीय सरोज बस्नेत र सोही मोटरसाइकल पछाडि सवार २८ वर्षीय सकिन न्यौपाने समेत गम्भीर घाइते भएका छन् । उनीहरूको वीएण्डसी अस्पताल बिर्तामोडमा उपचार भइरहेको छ । दुर्घटनामा संलग्न दुवै मोटरसाइकल इलाका प्रहरी कार्यालय अनारमनीले नियन्त्रणमा लिएको छ । उनीहरु पनि वैंकका कर्मचारी रहेको स्रोतको भनाइ छ ।

त्यस्तै बाह्रदशीमा बिहीवार मोटरसाइकल दुर्घटनामा हुँदा एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा बाह्रदशी-३ का सनम हेमरम रहेका छन् भने अन्य दुई जना घाइते भएको प्रहरीले जनाएको छ ।

चारपाने-राजगढ सडकखण्ड अन्तर्गत दक्षिणबाट

(बाँकी अन्तिम पृष्ठमा)

सुन प्रकरण

तिब्बतीमूलका दावाले नेपाली नागरिकता लिएको पुष्टि

काठमाडौँ, भदौ १४। सुन तस्करी प्रकरणमा पक्राउ परेका तिब्बती मूलका बेल्जियमको पासपोर्टधारी दावा छिरिङले काभ्रेपलाञ्चोक जिल्ला प्रशासन कार्यालयबाट निमा तामाङका नाममा नागरिकता लिएको पुष्टि भएको छ ।

गृहमन्त्रालयका अनुसार उनले काभ्रेपलाञ्चोकको नमोबुद्ध नगरपालिका-११का पेमा तामाङको छोरो बनेर नागरिकता लिएको गृहमन्त्रालयले बनाएको छानबिन टोलीले पुष्टि गरेको हो ।

गृहमन्त्रालयका प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार उक्त विषयमा छानबिन गर्न गतसाउन २२ गते गृहमन्त्रालयको नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखाका उपसचिव कृष्णबहादुर कटुवालको संयोजकत्वमा पाँच सदस्यीय छानबिन समिति गठन गरिएको थियो । समितिमा गृह मन्त्रालयको कानूनी शाखा अधिकृत प्रमोद विक, काभ्रेपलाञ्चोकका प्रहरी नायब उपरीक्षक दुण्डीराज न्यौपाने, अध्यागमन विभागका अधिकृत खेमराज सापकोटा र जिल्ला प्रशासन कार्यालय काभ्रेका प्रशासकीय अधिकृत मीनराज थापा थिए ।

समितिले दुई हप्ता लगाएर गरेको अनुसन्धानमा उनले नेपालबाट नागरिकता लिएको पुष्टि भएको हो । उनी नेपालमा बेल्जियमको नागरिकका रुपमा पर्यटक भिसामा आएको अवस्थामा पक्राउ परेका थिए । उनले नेपाली नागरिकता लिएको पाइएपछि तथ्य पुष्टि गर्न अनुसन्धान

टोली गठन गरिएको थियो । सो नागकिरताको यकिन गर्न गरिएको अनुसन्धानमा उनले किर्ते गरेर नेपाली नागरिकता लिएको पुष्टि भएको छ- छानबिन समितिका एक सदस्यले भने । उनले भने- निमा लामाको नामबाट नागकिरता लिएको पुष्टि भयो, अनुसन्धानमा उनको सिआइबी, अध्यागमन विभागमा भएको बायोमेट्रिक र हिरासतमा भेटेर लिएको बायोमेट्रिक मिलेकाले उनकै नागरिकता भएको पुष्टि गरेका छौं । समितिले बनाएको प्रतिवेदन मन्त्रालयलाई बुझाइसकिएको छ । थप अपराध अनुसन्धान भने सीआइबीलाईले नै हेर्ने गरी सिफारिस गरिएको पनि समितिले जनाएको छ ।

दावालाई गत साउनको १३ गते शनिबार राजश्व अनुसन्धान विभागले पक्राउ गरेको थियो । ठमेलको होटल भियानामा छापा मारी उनलाई पक्राउ गरिएको थियो । १७ वर्षअघि पनि उनी पक्राउ परेका थिए । उनले २०७४ पुस २० गते नागरिकता लिएको खुलेको थियो । उनीसहित अन्य केही व्यक्तिले पनि नेपाली नागरिकता लिएको खुलेको छ । केहीसँग भारतीय आधार कार्ड समेत भेटिएको थियो । गत साउन ३ गते ब्रेक शुमा राखेर ल्याइएको ६० किलो सात सय १६ ग्राम सुन राजश्व अनुसन्धान विभागले बरामद गरेको थियो ।

अहिले उक्त प्रकरणको अनुसन्धान प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो सिआइबीले गरिरहेको छ । छ विदेशीसहित २५ जना पक्राउ गरी सीआइबीले अनुसन्धान गरिरहेको छ । त्यसमा केही भारतीय केही चिनियाँ नागरिक पनि छन् । सुन प्रकरणकै सूचना सङ्कलनका लागि सीआइबीका प्रहरी वरिष्ठ उपरीक्षक दिनेश आचार्यलाई हङ्कङ पठाइएको छ ।

इटहरीकी एक महिलाको धरानमा हत्या

सुनसरी, भदौ १४। इटहरी उपमहानगरपालिकाकी एक महिलाको धरानमा हत्या भएको छ । इटहरी-२ बस्ने ४४ वर्षीया यशोदा श्रेष्ठको धरानमा हत्या भएको हो ।

हत्या गरिएको अवस्थामा उनको शव भेटिएको इलाका प्रहरी कार्यालय धरानले जनाएको छ । हत्यामा संलग्न रामेछाप घर भइ सुनसरीको धरान-१७ बस्दै आएका टेकबहादुर दर्जीलाई प्रहरीले पक्राउ गरेको सुनसरीका प्रहरी प्रमुख एसपी प्रभुप्रसाद ढकालले जानकारी दिए ।

दर्जीले यशोदाको हत्या गरी शव जंगलमा फाल्न लैजाँदै गर्दा स्थानीयले देखेपछि प्रहरीलाई खवर गरेका थिए । यशोदा बुधवार माइत जान्छु भनेर इटहरी घरबाट हिँडेकी थिइन् । यशोदा र दर्जीबीच लेनदेनको कारोबार रहेको र त्यसैमा विवाद हुँदा हत्या गरिएको आशंका गरिएको छ । हत्यामा सम्लग्न दर्जीलाइ पक्राउ गरी घटनाको अनुसन्धान शुरु गरिएको सुनसरीका एसपी ढकालले जानकारी दिए ।

बाढी, पहिरो र चट्याङबाट ७३ जनाको मृत्य

काठमाडौँ, भदौ १४। मुलुकमा यस वर्ष मनसुन अवधि जेठ ३१देखि भदौ ८ गतेसम्ममा बाढी, पहिरो र चट्याङबाट ७३ जनाको ज्यान गएको छ । मनसुन अवधिमा एक सय दुई जना घाइते हुनका साथै २० जना बेपत्ता भएका छन् ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरेलका अनुसार मनसुन अवधिमा मुलुकका एक सय ३५ ठाउँमा बाढी, चार सय २९ ठाउँमा पहिरो तथा ८३वटा चट्याङका घटना भएका थिए । उक्त विपदका घटनामध्ये बाढीमा परी १२ जनाको मृत्यु, सात घाइते र २१ बेपत्ता भएका थिए ।

यस्तै पहिरोमा परी ३८ जनाको मृत्यु, ४० घाइते र नौ बेपत्ता भएको कार्यकारी प्रमुख पोखरेलले बताए । भारी वर्षाका कारण दुई जनाको ज्यान गयो भने चट्याङबाट २१ जनाको मृत्यु र ४३ जना घाइते भए ।

यस वर्षको बाढी पहिरोबाट ३२६.८३ मेघावाट क्षमताका निर्माणाधीन १७ तथा सञ्चालनमा रहेका १३२.७५ क्षमताका

(बाँकी अन्तिम पृष्ठमा)

बेपत्ता डाक्टर अझै फेला परेनन्

सुनसरी, भदौ १४। सुनसरीको चतरास्थित सप्तकोशी पुलबाट चार दिनदेखि बेपत्ता भएका एक डाक्टर अझै फेला परेका छैनन् ।

भदौ ११ गते बिहानदेखि बेपत्ता झापाको दमका-१ निवासी ३२ वर्षीय डा. प्रज्ज्वल कोइराला अझै फेला नपरेका हुन् । मदन भण्डारी ट्रमा सेन्टर उर्लाबारीमा कार्यरत् उनी सप्तकोशीमा हाम फालेर बेपत्ता भएको हुन सक्ने प्रहरीको आशङ्का छ । उनको चप्पल र मोबाइल पुलमा फेला परेका थिए ।

पुल छेउमा प्रदेश १-०२-००२च ४१६६ नम्बरको जिप छाडेर बेपत्ता उनलाई सुरक्षाकर्मीको गोताखोर टोलीले केही दिनयता सप्तकोशीमा खोजी गरिरहेको छ । परिवारसँग थप सोधपुछ पनि भइरहेको प्रहरीले जनाएको छ । नदीमा पानीको बहाव बढी भएकाले खोजी गर्न समस्या भएको बताइएको छ ।

चीनको नयाँ नक्सामा नेपाली भूमि भारतमा !

बिरोधमा मेयर बालेन शाहले गरे चीन भ्रमण रद्द

काठमाडौँ, भदौ १४। चीनले जारी गरेको नयाँ नक्साबारे नेपालसहित छिमेकी मुलुकहरुमा तीव्र अन्तुष्टि बढेको छ । चीनले नक्सा जारी गर्दा छेउमा नेपालको पुरानै नक्सा राखेर जारी गरेको छ । नेपालको भूमि भारतले नक्सामा समेटेपछि नेपालले २०७७ साल जेठ ७ मा आफ्नो लिपुलेक, लिम्पियाधुरा र कालापानीलाई समेटेर नयाँ चुच्चे नक्सा निकालेको थियो ।

तर, भारतले नेपालको नयाँ नक्सालाई स्वीकार गरेको छैन र नेपाली भूमिमा भारतीयहरु अझै बसिरहेका छन् । नेपालको नयाँ नक्सालाई भारतले स्वीकार नगरिरहँदा चीनले पनि सोमबार नयाँ चुच्चे नक्साको स्थानमा पुरानै नक्सालाई स्थान दिएर आफ्नो नयाँ नक्सा बाहिर ल्याएको हो ।

यसैबीच नेपाली भूभागलाई चीनले भारतको देखाएको भन्दै काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र शाहले आउँदो सोमबारबाट हुन लागेको आफ्नो चीन भ्रमण रद्द गरेका छन् । शाहले केही अघि चीनको प्राकृतिक स्रोत मन्त्रालयले नेपालको नयाँ चुच्चे नक्सालाई हटाएर



पहिले कै बुच्चे नक्सालाई कायम गरेको उल्लेख गर्दै आफ्नो चीन भ्रमण रद्द गरेको सामाजिक सञ्जालमार्फत जानकारी दिएका हुन् ।

'नेपाली भूभागलाई चीनले नेपाललाई नै नसोधी भारतको देखाउनु हाम्रो संवेदनशीलतालाई चालेको गलत कदम मानेका छौं'- शाहले टिप्पणी गरेका छन्- 'त्यसैले आज मेरो चीनको निमन्त्रणमा हुन लागेको पाँच दिने भ्रमण नैतिकताको आधारमा नजाने निर्णय गरेको छु ।' शाहले नेपालले २०७७ जेठ ७मा लिपुलेक, लिम्पियाधुरा र कालापानीलाई समेटेर नयाँ चुच्चे नक्सा निकालेको पनि फेसबुक पोष्टमा प्रष्ट पारेका छन् ।

नेपालको नयाँ नक्सालाई भारतले स्वीकार नगरिरहँदा चीनले पनि भदौ ११मा आफ्नो नयाँ नक्सामा सार्वजनिक गर्ने क्रममा छिमेकी देश नेपालको नक्सा पुरानै देखाएर बाहिर ल्याएको हो । चीनको सरकारी मिडिया ग्लोबल टाइम्सका अनुसार उक्त नक्सा चीनको प्राकृतिक स्रोत मन्त्रालयले जारी गरेको हो ।

सन् २०२३को संस्करण भन्दै उल्लेख गरेको उक्त चिनियाँ नक्साको छिमेकमा रहेको नेपालको चुच्चे नक्साको स्थानमा बुच्चे नक्सालाई नै राखिएको हो । 'यो नक्सा चीन र विश्वका विभिन्न देशको राष्ट्रिय सीमा रेखांकन विधिको आधारमा तयार गरिएको हो'- ग्लोबल टाइम्समा उल्लेख छ । ताइवान समेतलाई स[redacted]

सेनाद्वारा २८ प्रजातिका ५२१८वटा फलफूलका विरुवा रोपिए

उमानाथ भण्डारी

कमल, भदौ १४। नेपाली सेनाको श्री नं. २१ बाहिनी अड्डाले विहीवार एक विशेष कार्यक्रमको आयोजना गरी वृहत् फलफूलका विरुवा रोपेको छ ।

पूर्वी पृतनापति उपरथी आशबहादुर तामाङ (पिचएडी) को प्रमुख अतिथ्यमा श्री नं. २१ बाहिनी अड्डाले आन्तरिक श्रोत साधनको परिचालन गर्दै बृहत् फलफूल वृक्षरोपण कार्यक्रम २ अन्तर्गत २८ प्रजातिका ५ हजार २ सय १८ वटा फलफूलका बिरुवा रोपिएको श्री नं. २१ बाहिनी अड्डाले जनाएको छ ।

त्यसैगरी वाहिनी अन्तर्गत गणहरुका अधिकृत एवम् सकल दर्जाहरुलाई प्रशंसा-पत्रद्वारा सम्मान गर्नुका साथै वृक्षरोपण जस्तो महान तथा पवित्र कार्यमा बाहिनी संग हातेमालो र सहकार्य गर्दै व्यक्तिगत तथा संस्थागत रुपमा सहयोग पुर्‍याएकोमा सञ्चारकर्मी उमानाथ भण्डारीका साथै विभिन्न संघ-संस्था, उद्योगी, व्यवसायीलाई पृतनापति तामाडद्वारा सम्मान गरिएको थियो ।

वृहत् फलफूल वृक्षरोपण कार्यक्रम अन्तर्गत तत्कालीन वाहिनीपति सहायकरथी आशबहादुर तामाङ (पिएचडी) को कार्यकालमा तोपगाछी व्यारेकलाई सुरक्षा क्याम्प व्यवस्थापन तथा फलफूलको विरुवा रोपण कार्यमा नमूना ब्यारेक बनाउने अवधारणा अनुरूप कार्यक्रम गरिएको थियो । जसमा २२ थरीका फलफूलका १२ हजार ४४ वटा विरुवा रोपिएको थियो ।

त्यस्तै विहीवार २८ प्रजातिका ५ हजार २ सय १८ वटा फलफूलका बिरुवा रोपिएको श्री नं. २१ बाहिनी अड्डाका बाहिनीपति सहायक रथी धनबहादुर थापाले बताए । वृक्षरोपण गरिएका फलफूलका विरुवामा आँप एकसय ७०, लिची एकसय ७०, सुपारी नौ सय १७, कागती चारसय ३०, अम्बा दुई सय ६ ओखर १० रुख कटहर दुई सय, सजिवन एक सय, काजु १५, बेल १०, अमला एक सय ५०, इञ्चाक २०, रुद्राक्ष १००, तित्री ५०, हर्रो-बर्रो १००, नरिवल २०, निमपत्ता १०, राजबृक्ष १००, म्याङ्गो स्टीक २०, वीरेन्द्र फूल २००, ज्याकाराण्डा २००, वडहर ३००, अनार ३०, जारुल ४००, तेजपत्ता ४००, अशोका २००, कल्की फूल १००, जामुन ५९८ गरी ५ हजार २ सय १८ वटा फलफूलका विरुवा रोपिएको हो ।

सो अवसरमा सहायक बाहिनीपति, झापा जिल्लामा तैनाथ अरिदमन गणका गणपति र इलाम जिल्लामा तैनाथ रणशार्दुल गणका गणपति, विभिन्न क्याम्पसका क्याम्पस प्रमुख, डिभिजन वन कार्यालय, भद्रपुर, जनताको तटबन्ध कार्यक्रमका सिनियर डिभिजन इञ्जिनियर, कृषिविज्ञ, युवा, उद्योग, व्यवसायी, शिवसताक्षी धार्मिक पर्यटन समितिका प्रतिनिधि, विभिन्न संघ-संस्था प्रतिनिधि लगायतको उपस्थिति रहेको थियो ।

सर्प संग्रहालय र मोटसाइकल स्वयम्सेवक बन्द

दमक, भदौ १४। दमकस्थित नेपाल रेडक्रस सोसाइटी उपशाखाद्वारा सञ्चालित सर्पदंश उपचार केन्द्रमा गतवर्ष आठ सय ५६ जनाले उपचार पाएका छन् ।

विसं २०५२ देखि सञ्चालनमा आएको सो केन्द्रबाट झापासहित इलामको दक्षिणी तथा पूर्वी मोरङका सर्प डसाइका बिरामीले उपचार पाउँदै आएका छन् । केन्द्रका सिनियर प्राविधिक खेम अधिकारीले आर्थिक वर्ष २०७९/०८० को अवधिमा आठ सय ५६ जनाले उपचार सेवा पाएको जानकारी दिए ।

तीमध्ये १० प्रतिशत भने विषालु सर्प डसाइका रहेको पाइएको उनले जानकारी दिए । उपचार केन्द्रमा आएका बिरामीमध्ये गोमन, करेत तथा पिटभाइपर लगायत विषालु सर्पको डसाइका रहेको उनले बताए । उनका अनुसार वर्षायाममा बढी सर्प डसाइको घटना हुने र त्यसैबाट अकालमा मृत्यु हुने अवस्था भने विस्तारै हट्दै गएको छ । उनले भने- सर्पले डसेपछि जतिछिटो अस्पताल तथा यस्ता उपचार केन्द्रमा लैजान सकिन्छ त्यतिनै त्यस्ता बिरामीको उपचार सम्भव हुन्छ ।

केन्द्रमा चालू वर्षको साउन महिनामा एक सय ७४ जना र भदौ १० गतेसम्म ३३ जनाले उपचार पाएको केन्द्रका इञ्चार्ज देवीप्रसाद भण्डारीले बताए । केन्द्रमा हाल ६ जना प्राविधिक स्वास्थ्यकर्मी उपचारमा संलग्न छन् । इञ्चार्ज भण्डारीका अनुसार यस केन्द्रबाट बर्षेनि एक हजारका हाराहारीमा सर्प डसाईका बिरामीले सहुलियत सुविधा पाउँदै आएका छन् ।

केही वर्षयता सर्प डसाईको उपचारका लागि आउने क्रम भने घट्दै गएको उनको भनाइ छ । जिल्लामा दमक र चारआलीमा भने नेपाली सेनाको सर्पदंश उपचार केन्द्र सञ्चालनमा छ भने दुई वर्षदेखि जिल्लाकै कन्काईस्थित सुरुङ्गा कोटीहोममा पनि सर्पदंश उपचार केन्द्र सञ्चालनमा आएको छ । उपचार केन्द्र दमकका पुराना प्राविधिकसमेत रहेका इञ्चार्ज भण्डारीले सबैभन्दा धेरै सर्प डसाइका बिरामी दमक र चारआलीमा आउने गरेको र त्यहाँ आउने सबैजसो उपचारपछि निको हुने गरेको बताए । उनले भने- हामीले आकस्मिकसँगै जटिल किसिमका सर्प डसाइका बिरामीलाई सघन उपचार कक्षमा भर्ना गरेर ज्यान बचाउने काम गर्दै आएका छौ ।

नेपाल रेडक्रस सोसाइटी दमक उपशाखाका सभापति प्रकाश बुढाथोकीले सर्प डसाई उपचारका लागि सरकारले निःशुल्क स्नेक भेनम उपलब्ध गराउँदै आएको बताए । सर्प डसाइबाट गाउँघर, ग्रामीण बस्तीका अतिविपन्न मानिस बढी प्रभावित हुँदै आएको पाइएको छ ।

घाँसपात, दाउरा खोज्दा, कुखुरा तथा बङ्गुरपालन गरी दैनिकी गुजारा गरिआएका समुदायनै सर्प डसाइबाट प्रभावित हुँदै आएको सर्प डसाई केन्द्र दमकका प्राविधिक गङ्गाप्रसाद उप्रेतीले बताए ।

यसैबीच गौरीगञ्ज गाउँपालिकाले रेडक्रस दमक उपशाखासँग सम्झौता गरी आफ्नो पालिकाका सबैका लागि सर्प डसाइको निःशुल्क उपचारको व्यवस्था मिलाएको छ । गाउँपालिका अध्यक्ष फूलवती राजवंशीले यस कार्यक्रमका लागि चालू आर्थिक वर्षमा पालिकाले रु. तीन लाख बजेट व्यवस्था गरिएको बताइन् । गतवर्षदेखि शुरु भएको सो कार्यक्रमबाट पालिकाका नागरिकले सर्प डसाइको उपचार निःशुल्क पाउँदै आएका छन् ।

उपशाखाले सर्प डसाइसँगै रक्तसञ्चार सेवा पनि एकैसाथ सञ्चालन गरिआएको छ । यस्तै, रेडक्रस अभियानसँग जोडिएको नागरिकको स्वास्थ्य उपचारमा पहुँच बढाउन वरिष्ठ मुटुरोग विशेषज्ञ डा. भगवान कोइरालाको अगुवाइमा सञ्चालित 'किओएच बाल अस्पताल' लाई आफ्ना भवन तीस वर्षका लागि निःशुल्क उपलब्ध गराएको छ ।

तीन महिनादेखि सञ्चालनमा आएको प्रदेशस्तरीय सो अस्पतालमा अहिले दैनिक दुई सयभन्दा बढी बिरामी उपचार गर्न आउने गरेका छन् ।

सर्प संग्रहालय र मोटरसाइकल स्वयम्सेवक बन्द

स्थापना कालदेखि सर्पडसाइ उपचार सेवालाई थप प्रभावकारी बनाउन नेपाल रेडक्रस सोसाइटी उपशाखा दमकले शुरुवात गरेको सर्प संग्रहालय बन्द भएको छ ।

सर्प संग्रहालयका लागि विभिन्न समयमा सङ्कलन गरिएका मरेका सर्पलाई व्यवस्थित रुपमा राख्न समस्या भएपछि संग्रहालय स्थापना कार्य बन्द गरिएको सभापति बुढाथोकीले बताए । त्यहाँ सर्प डसाइ उपचार सेवा शुरु भएसँगै रेडक्रस उपशाखाले सर्प संग्रहालयको अवधारणा ल्याएको थियो । संग्रहालयमा करिब ५० भन्दाबढी विषालु तथा अन्य सर्प सङ्गहित थिए । ती सबै सर्प व्यवस्थापन गर्न समस्या भएपछि सर्प नष्ट गरिएको उनले बताए ।

सर्पसम्बन्धी अध्ययन गर्न सघाउ पुऱ्याउने उद्देश्यले शुरु गरिएको सङ्ग्रहालय बन्द भएपछि सर्प अध्ययन र अवलोकन गर्न आउने सर्वसाधारण प्रभावित भएका सभापति बुढाथोकी बताए । सर्पसम्बन्धी थप अध्ययन गर्न सकिने उद्देश्यले धरानस्थित वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको समन्वयमा संग्रहालयको सुरुआत गरिएको थियो । सर्प डसाइको उपचार गर्ने स्थलमै सर्प संग्रहालयको अवधारणा व्यवहारिक रुपमा ल्याए पनि सम्बद्ध क्षेत्रबाट सहयोग नहुँदा सङ्कलित सर्प नष्ट गर्न बाध्य हुनुपरेको उनको दुःखेसो छ ।

सर्पले डस्नासाथ छिटोछरितो स्वास्थ्य संस्था, अस्पताल तथा उपचार केन्द्रसम्म बिरामी ओसार्न एम्बुलेन्सका रुपमा मोटरसाइकल स्वयम्सेवक परिचालन गरिँदै आएको थियो । सर्प डसाइबाट अकालमै हुने मृत्युदर घटाउन शुरु गरिएको एम्बुलेन्सका विकल्पमा रुपमा मोटरसाइकल स्वयम्सेवक परिचालनपछि जोखिमका मानिसलाई यो कार्यक्रम जीवन बचाउने बरदानझै बन्न पुगेको थियो ।

सभापति बुढाथोकीका अनुसार सर्प डसाइका बिरामीलाई उपचार केन्द्रसम्म छिटोछरितो ढङ्गले ल्याउन यी मोटरसाइकल आकस्मिक सवारी साधनका रुपमा प्रयोग हुँदै आएका थिए । यसमा जिल्लाको गौरादह, गौरीगञ्ज, शिवसताक्षी, कन्काई, पूर्वी मोरङको उर्लाबारी, मधुमल्ला, बयरबन, लेटाङ र इलामको दक्षिणी चुलाचुलीसम्मका अतिप्रभावित क्षेत्रका करिब एक सयका हाराहारीमा स्थानीय मोटरसाइकल स्वयम्सेवक परिचालन कार्यक्रममा आवद्ध थिए ।

ती मोटरसाइकल स्वयम्सेवकले आफ्ना गाउँघरका सर्प डसाईका बिरामी ओसार्न यो कार्यक्रमको मुख्य उद्देश्य थियो । उनले सर्पले डस्नासाथ अपनाउनुपर्ने उपायका बारेमा आवश्यकता अनुसार तालिम समेत दिदैआएको र यसले मृत्युदर घटाउन निकै सहयोग पुगेको बताए । उनले भने- गाउँघरमा एम्बुलेन्स नहुने तथा सजिलै उपलब्ध हुने स्थानीय सवारी साधन मोटरसाइकललाई उपयोगमा ल्याउँदा सर्प डसाईका बिरामीले अकालमै ज्यान गुमाउनुपर्ने अवस्थाबाट मुक्ति पाएका थिए । तर, अहिले जोखिम क्षेत्र मानिएका स्थानीयवासीको घर-घरमा मोटरसाइकल उपलब्ध हुँदै गएपछि त्यस कार्यक्रम विस्तारै प्रभावित मात्र होइन बन्द नै गर्नुपर्ने अवस्था आएको सभापति बुढाथोकी बताए ।

जुवा खेल्ने नौ जना पक्राउ

काठमाडौं, भदौ १४। तारकेश्वर नगरपालिका-८ जरंखूस्थित खाजा घरभित्र जुवातास खेलिरहेको अवस्थामा रौतहट चपुर नगरपालिका-३ घर भएका ३५ वर्षीय दिलबहादुर तामाङ समेत ९ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

विशेष सूचनाको आधारमा प्रहरी वृत्त बालाजुबाट खटिएको प्रहरीले उनीहरूलाई नगद ३८ हजार ६ सय रूपैयाँ र ३ बुक ताससहित पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

एटीएम मेसिन तोडफोड गरेपछि...

भक्तपुर, भदौ १४। भक्तपुर नगरपालिका-१० कमलबिनायक भक्तेको पाटीस्थित नबील बैंकको एटीएम मेसिन तोडफोड गरी चोरी गर्न खोजेको अभियोगमा दाङ बबई गाउँपालिका-२ बस्ने २४ वर्षीय पूर्णबहादुर खासूलाई प्रहरीले पक्राउ गरेको छ ।

प्रहरी वृत्त जगाती भक्तपुरबाट खटिएको प्रहरीले उनलाई एटीएम मेसिन तोडफोड गरी चोरी गर्न खोजेको अवस्थामा फेला पारी पक्राउ गरेको हो । उनको साथबाट १ थान मार्तल, १ थान फलामको रड र १ थान ह्याक्सो प्रहरीले बरामद गरेको छ ।

जबरजस्ती करणी गर्ने पक्राउ

उदयपुर, भदौ १४। २८ वर्षीया महिलालाई जबरजस्ती करणी गरेको अभियोगमा कटारी नगरपालिका-४ जहडी बस्ने मोरङ बिराटनगर महानगरपालिका-१६ घर भएका ४२ वर्षीय दिनेश पण्डितलाई प्रहरीले पक्राउ गरेको छ ।

ती महिलालाई धाकधम्की, डरत्रास देखाइ पण्डितले जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा इलाका प्रहरी कार्यालय कटारीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

पाकिस्तानी मञ्चमा नेपाली गीत घन्काउँदा...

काठमाडौं, भदौ १४। बुधवार अपरान्ह एशिया कप क्रिकेटको १६ औं संस्करण अन्तर्गत पहिलो खेल शुरु भयो । सँधैजस्तै सामाजिक सञ्जालमा खेलप्रेमीहरूले नेपाल र पाकिस्तानको पक्ष/विपक्षमा चर्चा गर्न थाले ।

रोचक त के भने खेल भइरहँदा पाकिस्तानी सञ्चार माध्यमको ट्रेन्डिङमा रहिन् नेपाली गायिका त्रिशाला गुरुङ । उनी र पाकिस्तानी गायिका आइमा बेगले खेलको उद्घाटन समारोहमा गीत गाएका थिए । त्यस मञ्चमा प्रस्तुति दिन पाउनुलाई ठूलो अवसर ठानेको भए पनि त्यहाँबाट प्राप्त प्रतिक्रिया र चर्चा अप्रत्याशित भएको अनुभव साट्छिन् गायिका गुरुङ । उनले भनिन्- हरेक मिनेट फलोअर्स बढिरहेका छन् । भिडिओहरूमा प्रतिक्रिया र सन्देश आइरहेका छन् । मलाई यो सबै अविश्वसनीय लागिरहेको छ । शब्दमा व्याख्या गर्ने सक्दिनँ ।

आफ्नो प्रस्तुतिबारे प्रतिक्रिया जनाउने अधिकांश पाकिस्तानीहरू भएको उनको ठहर छ । इन्टरनेटको दुनियाँमा मात्र नभई यथार्थमा पनि आफूसँग फोटो खिच्न वा हात मिलाउन मानिसहरू उत्साहित भएको उनले पाकिस्तानको मुल्तानबाट सुनाइन् । तर, त्यहाँसम्म पुग्न उनले फरक अन्योलमार्फत् गुज्रनु परेको थियो ।

'एड्भान्स लिएको कार्यक्रम छोड्नु पऱ्यो'

अगस्ट ३० मा मुस्ताडमा हुने एक भव्य महोत्सवमा जाने तय भएको थियो त्रिशालाको । उनले उक्त कार्यक्रममा गाउनका लागि अग्रिम भुक्तानी समेत लिइसकेकी थिइन् । त्यहाँ कुनकुन गीत गाउने भन्ने निर्क्यौल गर्दै थिइन् ।

सोही क्रममा मध्य अगस्टतिर उनको इमेल र इन्स्टाग्राममा एशिया कपको उद्घाटन समारोहमा गीत गाउने प्रस्तावसहित विभिन्न सन्देशहरू देखा परे । ती सन्देशमा विभिन्न प्रश्न तथा जिज्ञासाहरू थिए । शुरुमा त ती मेसेजहरू साँच्चै कार्यक्रम आयोजकले पठाएका हुन् वा स्क्याम हो भनेर ठम्याउनै समय लाग्यो । आवश्यक जाँचबुझ गरेपछि 'त्यो यथार्थमा ठूलो प्रस्ताव हो' भन्ने महशुस गरेँ- उनले भनिन् ।

यद्यपि गुरुङले तत्काल निर्णय दिन सकिनन् । उनलाई महोत्सवका लागि दिएको वचन र लिएको अग्रिम रकमले रोक्यो । आफ्नो उपस्थितिकै कारण महोत्सवमा सहभागी हुन उत्साहित दर्शक/श्रोताबारे धेरै सोचिन् । धेरै घोत्लिने समय थिएन। नेपालको पर्यटकीय जिल्ला मुस्ताडमा हुन लागेको महोत्सवका आयोजकलाई आफ्नो धर्म सङ्कटबारे बताइन् । उनीहरूले पनि दोहोऱ्याएर नपाउन सक्ने अवसर

रोज्न सुझाव दिएपछि उनी पाकिस्तान जान तयार भइन् ।

शुरुमा त उहाँहरू झस्कनु भएको थियो किनकि अन्तिम घडीमा कलाकार उपस्थित हुन नसक्नु व्यवस्थापकीय कोणबाट निकै झञ्झटिलो कुरा हो । तर, पछि उहाँहरूले नै मलाई देशको प्रतिनिधित्व गर्नु उचित हुने बताउनुभयो- उनले थप भनिन् ।

राष्ट्रिय गीतले निम्त्याएको अन्योल

उद्घाटन समारोह आयोजक ट्रान्स ग्रुप अफ पाकिस्तानले गुरुङलाई कुनै 'राष्ट्रिय गीत'को तयारी गर्न आग्रह गरे । उनले ठानिन्- 'सयौं थुङ्ग फूलका हामी एउटै माला नेपाली' गाउनु पर्छ । त्यसैका लागि अभ्यास थालिन् ।

तर, पछि राष्ट्रिय गान नभई राष्ट्र भाव झल्कने गीत गाउनु पर्ने बताइयो । शुरुमा उनले आफ्नै 'यी आँखाले सुनौलो नेपाल सजाउँ' बोलको गीत गाउनेबारे सोचेकी थिइन् । यूट्यूबमा एघार लाखभन्दा बढी पटक हेरिएको उक्त गीतमा उनकै स्वर, शब्द र संगीत छ । मैले आफ्नो गीतको प्रचार चाहेकी थिइनँ । लाग्यो- त्यो मञ्चबाट सबै नेपालीलाई एकत्रित महशुस गराउन पाए हुन्थ्यो । त्यसका लागि त्यस्तै ऊर्जा बोकेको गीत गाउन पाए हुन्थ्यो ।

गुरुङले रातो र चन्द्र सूर्य जङ्गी निशान हाम्रो बोलको गीत रोजिन् । गोपालप्रसाद रिमालद्वारा लिखित, अम्बर गुरुङको सङ्गीत तथा अम्बर गुरुङ र फत्तेमानले स्वर दिएको उक्त गीत गाउन अनुमति मागिन्, अभ्यास गरिन् । सोही अनुरूप आफूले प्रस्तुतिको समयमा लगाउने पहिरन तयार गरिन् । पाकिस्तान जाँदै गर्दा गुरुङले त्यहाँका मानिसहरू र परिकार कल्पना गरेकी थिइन् । परिवेश कल्पना गरेकी थिइन् ।

सबैभन्दा धेरै मञ्च कल्पना गरेकी थिइन् । सयौं दर्शकहरूको अघिल्तिर उभिएर मनमनै गाउँथिन्- जबसम्म चन्द्र सूर्य आकाशमा रहन्छन् । परन्तु समारोहको अघिल्लो रात कार्यक्रम प्रत्यक्ष प्रशारण गर्ने आधिकारिक च्यानल स्टार स्पोर्ट्सबाट खबर आयो- हाम्रो नीति अनुसार प्रत्यक्ष प्रशारणमा राष्ट्रिय भावको गीत गाउन पाईदैन ।

रातको दश बजेको थियो । प्राविधिक जाँचका लागि स्टेडियममा जाने तयारी गर्दै थियौं । अचानक त्यस्तो खबर आउँदा म त छाँगाबाट खसेजस्तै भएँ । अरू कुनै पनि गीतबारे सोचेकै थिइनँ- उनले अकस्मात् आएको जानकारीले पारेको असरबारे सुनाइन् । समस्या त के भने- गुरुङको कुनै पनि चर्चित गीतको सर्वाधिकार उनीसँग थिएन । सम्बन्धित निकाय वा व्यक्तिसँग सम्पर्कका लागि समय थिएन ।

अन्ततः उनले आफ्नै 'यो मन' बोलको गीत गाउने भइन् । इमेज अवार्डमा 'बेस्ट कम्पोजिशन अफ त इयर' प्राप्त गरेको उक्त गीतका लागि उनीसँग अभ्यासको समय भने थिएन । तत्काल निर्णय गऱ्यौं र मध्य रातमा साउन्ड चेक गर्न मञ्चमा पुग्यौं । त्यहाँको भव्यताले सम्पूर्ण तनाव बिर्साइदियो र 'जसरी हुन्छ राम्रो गर्नु छ' भन्ने ठानें- उनले भनिन् ।

सम्मानसहितको चर्चाले एकदम धन्य महशुस गराइरहेको छ । पाकिस्तानीहरूको आतिथ्य असाध्यै मनपऱ्यो । उनीहरूसँग अपनत्व आभास भएको छ । उनीहरूले गर्ने सम्बोधन र उर्दू भाषाका शब्दहरू साह्रै मीठा लागेका छन्, यहाँको खानाजस्तै - उनले उत्साहित हुँदै व्याख्या गरिन् ।

प्रस्तुतिकै क्रममा उनी धेरै वटा देश गएकी छन् । ती ठाउँहरूमा आफ्नो स्वाद अनुरूप खाना नपाएकी उनले पाकिस्तानको परिकारहरूमा आफ्नोपन भेटेको सुनाइन् । रहरले सङ्गीतमा सक्रिय बनेकी गुरुङ पेसाले चिकित्सक हुन् । नेपालको पूर्वी शहर धरानमा हुर्किएकी उनले उच्च शिक्षा काठमाडौंबाट हासिल गरिन् । उनी आफ्नो यूट्यूब च्यानलमार्फत् आफ्ना रचना तथा कभर गायनहरू साझा गर्छिन् । उनले विभिन्न चलचित्रहरूमा समेत पार्श्व गायन गरेकी छन् । आफूसँगै प्रस्तुति दिएकी पाकिस्तानी गायिका आइमा बेगको साथ र सहयोगबारे अनुग्रहित छन् गुरुङ ।

बेग पनि पाकिस्तानका युवा पुस्तामा चर्चित छिन् । कोक स्टुडियोको १०औं संस्करणमा दिएको प्रस्तुतिपछि उनको चर्चा चुलिएका विवरणहरू सार्वजनिक छन् । पाकिस्तानी शहर लाहोरकी उनी गायनसँगै अभिनय पनि चर्चित छन् । *वीवीसी*

जापान ...

उत्तरतर्फ आँउदै गरेको मेटप ३५६९ को मोटरसाइकलले पैदलयात्री स्थानीय ४५ वर्षीया मनि मणिलाई ठक्कर दिँदा दुर्घटना भएको थियो ।

दुर्घटनामा मोटरसाइकल चालक हेमरमसहित पछाडि सवार समिर महमद तथा पैदलयात्री मणिलाई उपचारका लागि बिर्तामोडस्थित बिर्ता सिटी अस्पताल ल्याइएकोमा उपचारको क्रममा चालक हेमरमको मृत्यु भएको प्रहरीले जनाएको छ । अन्य घाइतेहरुको सोही अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ ।

चीनको ...

बाहिर ल्याएको पहिलोपटक भने होइन ।

सन् २०१५मा भारतका प्रधानमन्त्री मोदीको चीन भ्रमणका दौरान भारत-चीनबीच भएको ४१ बुँदे सम्झौताको २८औं बुँदामा 'भारत र चीन लिपुलेक नाकाबाट सीमा व्यापार बढोत्तरीका लागि कामकुरो गर्न मञ्जुर भएका छन्'- भन्ने उल्लेख गरिएको थियो । नेपाली भूभागलाई भारत र चीन दुवैले नेपाललाई नै नसोधी उक्त सम्झौता गर्नु नेपालको संवेदनशीलतामाथि प्रहार हो । त्यसबेला नेपालले दुवै मुलुकहरु भारत र चीनलाई 'प्रोटेस्ट नोट' पठाएको थियो ।

बाढी ...

१३ जलविद्युत् आयोजनामा क्षति पुगेको छ । त्यसबाट झण्डै रु. आठ अर्ब ५० करोड क्षति पुगेको अनुमान गरिएको छ ।

मनसुन अवधिमा भएका बाढी पहिरोका घटनाबाट देशका २९ राजमार्गका २५० ठाउँमा रु. ४० करोड बराबरका भौतिक पूर्वाधारमा क्षति भएको तथ्याङक छ । मनसुन अवधिमा भएका बाढी पहिरोका घटनाबाट रु. १५ अर्बभन्दा बढी भौतिक पूर्वाधारलगायतका सम्पत्तिको क्षति भएको कार्यकारी प्रमुख पोखरेलले बताए ।

मुलुकका विभिन्न स्थानमा चार मोटरेवल पुल र २२ झोलङ्गे पुल बगाउँदा करिब रु. ४१ करोडको क्षति हुन पुगेको छ । बाढीपहिरोका घटनाबाट २८ खानेपानी आयोजनामा क्षति हुँदा रु. नौ करोड बराबरको नोक्सान भएको प्राधिकरणको अनुमान छ । क्षति पुगेका ती पूर्वाधार तत्काल पुनःस्थापना गर्न रु. १० अर्ब ५५ करोडभन्दा बढी खर्च लाग्ने अनुमान गरिएको कार्यकारी प्रमुख पोखरेलले बताए ।

यस अवधिमा चट्याङ लागेर ११ स्थानमा, पहिरोबाट सात, पुल क्षतिबाट पाँच र लेदोसहितको पहिरो खस्दा आठ स्थानमा गरी देशका ३१ स्थानमा सडक अवरुद्ध भएका थिए । हाल मुलुकका दुई सय ३१ राजमार्गमध्ये ४८ राजमार्ग एकतर्फीरुपमा सञ्चालनमा रहेको प्राधिकरणले जनाएको छ ।

श्रीअन्नु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७५९५०२९५) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९५१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

सम्पादकीय

इन्टरनेटको दुरुपयोग रोक

सूचना प्रविधिको विकाससँगै इन्टरनेटको प्रयोग नेपालमा पनि दिनहुँ बढिरहेको छ । यसले दिने धेरै फाइदासँगै बेफाइदाहरु त्यत्तिकै देखिन थालेको छ । सुविधाको सदुपयोग गर्न नजान्दा र जानेर पनि सदुपयोग नगर्दा यसको नकारात्मक असर झन भयावह बन्दै गएको छ । पछिल्लो समय इन्टरनेटको माध्यमबाट हाम्रो र देशको भविष्य भनिएका बालबालिकाहरु दुर्व्यवहार र शोषणको शिकार हुन थालेका छन् । भर्खरै सार्वजनिक एक अध्ययनले नेपालमा अठाह्र वर्षभन्दा कम उमेरका बालबालिका इन्टरनेटका कारण यौन दुर्व्यवहारमा पर्ने गरेको देखाएको छ । अनलाइन बाल यौन दुर्व्यवहारको अवस्था तथा नीतिगत विश्लेषण सम्बन्धी अध्ययनमा सूचना प्रविधिको दुरुपयोग गर्दै अश्लील फोटो माग्ने, असवेदनशील सन्देश पठाउने जस्ता क्रियाकलाप भइरहेको उल्लेख छ ।

सूचना प्रविधिको विस्तारसँगै विकास भएको सामाजिक सञ्जाल यस्ता दुर्व्यवहार बढाउने बाहक बनिएको छ । सञ्जालभित्रको फेसबुकले झन धेरै अपराध बढाएको अध्ययनले देखाएको छ । इन्टरनेटको पहुँच हुनासाथ विभिन्न नामका एप्सहरु मार्फत खासगरी बालबालिकाहरु अपरिचित मानिससँग जोडिन पुग्छन् । उनीहरु अबोध हुन्छन्, उनीहरुमै जान्न खोज्ने चाहना बढी हुन्छ, यही कमजोरी र जिज्ञासु स्वभावको दुरुपयोग गर्दै आपराधिक मानसिकता भएकाहरुले उनीहरु माथि शोषण गर्छन् । इन्टरनेटको प्रयोगबाट हुने फाइदाहरुका बीच हुने यस्ता क्रियाकलापले बालबालिकाको सुरक्षामा चुनौती थपिएको छ । कोशी र बाग्मती प्रदेशका बालबालिकालाई लक्षित गर्दै पाँच सय चौध जनामा गरिएको अध्ययनले सञ्जालमा सम्बन्ध स्थापित गर्ने अपरिचित व्यक्तिबाट उनीहरु माथि अश्लील क्रियाकलाप भइरहेको देखाएको छ ।

समय र परिस्थितिले माल्छेलाई सुविधाभोगी बनाएको छ । त्यसकै उदाहरण हो कि प्रायः सबैको हातमा स्मार्ट फोन छ र फोनसँग इन्टरनेट पनि जोडिएको छ । विश्वको सम्पूर्ण ज्ञान र विषयवस्तु बोकेको इन्टरनेटका बारेमा आमाबुवाभन्दा बालबालिका नै बढी जानकार छन् । बालकलाई खाना खुवाउन पनि मोबाइल नै थमाउनुपर्ने चेतनाले बालबालिका इन्टरनेटको दास बन्दैछन् । त्यसले उनीहरुकै सुरक्षामा चुनौती थपिएको छ । यस्तोमा आमाबुवा नै बढी सचेत र जिम्मेवार हुनुपर्छ । बालबालिकाको गतिविधि, व्यवहार र संगतको निगरानी आमाबुवाले नै गर्नु पर्दछ । इन्टरनेटको दुरुपयोगले हुनसक्ने जोखिमप्रति सजग भइएन भने त्यसको दुष्परिणाम अभिभावकले नै भोग्नुपर्छ । कतिपयले यसकै दुरुपयोगका कारण मृत्युवरण गरेका दृष्टान्तहरु पनि छन् । त्यसैले राज्यले यसको दुरुपयोग रोक्न प्रभावकारी ऐन-कानूनको व्यवस्था गर्नुपर्छ । त्यही कानूनको प्रभावकारी कार्यान्वयन गर्दै दोषीलाई कठोर दण्ड सजाय दिलाएर सामाजिक अपराध नियन्त्रण र निस्तेज पार्न जिम्मेवार पक्षले समन्वयकारी भूमिका निर्वाह गर्नुपर्दछ ।

सामाजिक सञ्जाल

संविधानको अभिन्न अङ्ग बनाइएको नक्सालाई भारतले त अस्वीकार गरेकै थियो, अब चीनले मान्यता नदिएको सार्वजनिक गरेको छ । तर, भौगोलिक सम्प्रभूताको लागि यस्तो अप्रिय अवस्था आउँदा पनि प्रमुख दलहरू मौन छन् । भौगोलिक सम्प्रभूताको संरक्षणमा जनता र नेतृत्वबीच दूरी देखिनु चिन्ताको कुरा हो ।

– रमेशनाथ पाण्डे

प्रतिस्पर्धामा अनुभवको ठूलो महत्व हुन्छ । नम्बर १ टिमसँग नम्बर १५ टिमले पहिलो पटक खेलेको हो । यो अनुभव कुनै दिन इतिहास लेख्न काम लाग्नेछ । यात्रा लामो छ र मलाई हाम्रो टिमप्रति विश्वास छ ।

– रवि लामिछाने

सायद त्यो मुख्यमन्त्री आवासमा अर्बौं रूपैयाँ पैसा खन्याउनुको साटो सुविधासम्पन्न अन्तर्राष्ट्रिय स्तरको क्रिकेट स्टेडियम बनाइदिएको भए सय रनको साटो तीन सय रन प्लस हुन सक्थ्यो । राज्यको अदुरदर्शी नीति ।

– निर्मल प्रसाई

पुस्तकालयबाट ई-लाइब्रेरीमा फड्को मारेको युग



पुजन आचार्य

पृष्ठभूमि :

'पुस्तकालय' शब्दको अर्थ आफैमा महत्वपूर्ण छ। संस्कृत भाषामा 'पुस्तक' र 'आलय' मिलेर पुस्तकालय शब्द बनेको हो। पुस्तकको अर्थ 'किताब' र 'आलय'को अर्थ 'घर' हुन्छ। जसले पुस्तकालयलाई 'किताबको घर' भन्ने बुझाउँछ। अंग्रेजी भाषाको library ल्याटिन भाषाको liberबाट आएको हो। जसको अर्थ पनि पुस्तक हुन्छ। सूचना र प्रविधिको विकाससँगै पुस्तकालयमा पुस्तक मात्र संकलन गर्ने र रहने परम्परागत अवधारणामा परिवर्तन भएको छ। अहिले प्रायः सबै पुस्तकालयमा पुस्तकका अतिरिक्त सूचना प्रदान गर्ने सामग्रीहरूको समेत संग्रह रहेको पाइन्छ। समाजमा लिपिको आविष्कारसँगै क्रमिक रुपमा प्रकाशन युगको आरम्भ भयो। प्रकाशित सामग्रीहरू भावी पुस्ताका लागि संकलन र संरक्षण गर्ने कार्यको पनि थालनी भयो। त्यसको फलस्वरुप समाजमा पुस्तकालय स्थापनाको जग बस्यो। स्थापित पुस्तकालयहरू अध्ययन-अनुसन्धान गर्ने केन्द्रको रुपमा समेत रहे।

विश्वभर ज्ञान सामग्रीहरूको सिर्जना जसरी बढ्दैछ। त्यसैगरी पुस्तकालयको महत्व पनि बढ्दै गएको छ। किनकि पुस्तकालय सभ्य, सु-संस्कृत र शिक्षित समाजको अभिन्न अंग हो, ज्ञानको भण्डार हो, मानव इतिहास, सभ्यता र संस्कृतिको पहिचान हो। हाल प्रविधिको विकास र विश्वव्यापी विस्तारसँगै पठन संस्कृतिमा आएको कमीले पुस्तकालयको महत्त्व कम भएको आभास भए पनि यथार्थमा पुस्तकालयको महत्व कहिल्यै कम हुन सक्दैन। सूचना प्रविधिबाट सतही सूचना मात्र थाहा पाइन्छ भने गहन र विस्तृत अध्ययनका लागि पुस्तकालय नै अपरिहार्य छ। सबै ठाउँमा पुस्तकालय नहुनु, भएका पुस्तकालयमा पनि सबै विधाका पठनीय पुस्तक नपाइनु र पठन संस्कृति समेत कम हुँदै जानुका कारण पाठकलाई पुस्तकालयले आकर्षण गर्न सकेको छैन।

इतिहास :

नेपालमा पुस्तकालयको इतिहास धेरै लामो छैन। राजा पृथ्वीनारायण शाहले युद्धबाट काठमाडौं उपत्यका विजय गरेपश्चात नुवाकोट दरबार, गोर्खा दरबार लगायत जहाँ-जहाँ विजय हासिल गरे, त्यहाँका हस्तलिखित ग्रन्थहरू हनुमानढोकास्थित दरबारको पूजा कोठामा राखियो। यसरी ग्रन्थहरू संग्रह गरेको केही वर्षपछि त्यही पूजा कोठाले अघोषित राजकीय पुस्तकालयको दर्जा पायो। तिनै हस्तलिखित ग्रन्थहरूको संरक्षण गर्ने प्रबन्ध मिलाउन १८६९ साल भदौ १५ गतेका दिन राजा श्री ५ गीर्वाणयुद्ध बिक्रम शाहको पालामा 'पुस्तक चिताइ तहबिल' भनी लालमोहर जारी भएको इतिहास छ। 'चिताइ'को अर्थ 'रेखदेख' र 'तहबिल'को अर्थ हुकुटी संग्रह भनिएको पाइन्छ। सोही तहबिललाई नै कानूनी मान्यता प्राप्त नेपालको पहिलो पुस्तकालय मानिन्छ। नेपालमा पुस्तकालयको स्थापना भएको सोही ऐतिहासिक दिनको सम्मान गर्दै नेपालमा २०६५ साल भदौ १५ गतेबाट हरेक वर्ष भदौ १५ गते 'पुस्तकालय दिवस' मनाउने गरिन्छ।

त्यसरी पहिलो पटक हनुमानढोकामा संग्रहित ती पुस्तकहरू श्री ३ जंगबहादुर राणाले विक्रम सम्वत् १९०४ मा थापाथली दरबारको जैसी कोठामा, वीर शमशेरले १९५३ सालमा दरबार स्कूलमा, १९५७ सालमा घण्टाघरमा सारिएपछि वीर पुस्तकालय नामाकरण गरिएको अभिलेख पाइन्छ। त्यसपछि लगत्तै १९५७ साल फागुन १५ गते देव शम्शेरले सो पुस्तकालय सर्वसाधारणका लागि पनि खुल्ला भएको पहिलो पटक घोषणा गरेका थिए। निरंकुश शासक राणाहरूले १९८६ सालमा सामुदायिक पुस्तकालय खोलेको अभियोगमा महाकवि लक्ष्मीप्रसाद देवकोटा लगायत ४६ जनालाई देशद्रोहको आरोप लगाई जनही सय रुपैयाँ जरिवाना गराएको पनि इतिहासमा उल्लेख छ। चन्द्र शमशेरले फेरि पुस्तकालयमा सर्वसाधारणको प्रवेश निषेध गरेको इतिहास भए पनि राणाहरूको शासनकालमै (२००७ साल अगावै) राणाहरूले आफ्नो निजी प्रयोजनका लागि वीर पुस्तकालय, केशर पुस्तकालय, सिंह पुस्तकालय आदि खोलेका पाइन्छन्।

विरासत :

२००७ साल फागुन ७ को राजनीतिक परिवर्तनपछि मात्रै नेपालमा सर्वसाधारण जनताले पुस्तकालय खोल्न र खोलिएका पुस्तकालयमा प्रवेश पाएको पाइन्छ। पछि, २०२४ सालतिर ती पठन सामग्रीहरूलाई पुनः रामशाह पथमा सारिएपछिको नाम 'राष्ट्रिय अभिलेखालय' भएको छ। त्यसपछिको लामो कालखण्ड पार गरी २०६४ सालमा सरकारले पारित गरेको पुस्तकालय तथा सूचना सेवा नीतिमा 'सरकारी वा गैरसरकारी संस्थाको संयुक्त सहयोगमा सबै विद्यालयहरू, गाविसहरू र नगरपालिकाहरूमा सार्वजनिक पुस्तकालय स्थापना र सञ्चालन गर्ने अवधारणा थियो। त्यो अवधारणामै सीमित रहेको अवस्थामा नेपालको नयाँ संविधान-२०७२ को भाग ४ को धारा ५१ को उपधारा (ज ४) मा समेत नागरिकहरूको व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र तथा पुस्तकालय स्थापना गर्ने कुरा उल्लेख भए पनि तदनुरुप काम भने हुन सकेन।

नेपालमा विद्यमान पुस्तकालय :

पूर्ण सरकारी स्वामित्व भएको नेपालको पुस्तकालय 'नेपाल राष्ट्रिय पुस्तकालय'को स्थापना २०१३ सालमा भएको हो। यो ललितपुर जिल्लाको पुल्चोकस्थित हरिहर भवनमा छ। २०७२ साल बैशाख १२ गतेको भूकम्पले भौतिक क्षति पुगेको यस पुस्तकालयमा विभिन्न विधाका गरी लगभग डेढ लाख पुस्तकहरू छन्, भनिन्छ। नेपाल सरकारलाई दान प्राप्त भएको केशर पुस्तकालय र डिल्लीरमण-कल्याण रेग्मी स्मारक पुस्तकालय पनि नेपाल सरकारकै स्वामित्व रहेका पुस्तकालयहरू हुन्। यसका अलावा केही मन्त्रालय र विभागमा पनि सरकारी पुस्तकालयहरू रहेका छन्, जसलाई भने सरकारले नियमित बजेटको व्यवस्था गरिरहेको पाइन्छ।

शैक्षिक पुस्तकालय :

विद्यालय वा शैक्षिक प्रतिष्ठानमा रहेका पुस्तकालयलाई 'शैक्षिक पुस्तकालय' भनिन्छ। शैक्षिक पुस्तकालयहरू पनि तीन प्रकारका हुन्छन्- विद्यालय पुस्तकालय, महाविद्यालय पुस्तकालय र विश्वविद्यालय पुस्तकालय। त्यस्ता पुस्तकालयमा विशेष गरेर ती तीनै तहका सम्बन्धित पाठ्यसामग्रीहरू राखिएका हुन्छन्। हाल नेपालका सबैजसो उच्च माविहरू, क्याम्पसहरू, विश्वविद्यालयहरू र शैक्षिक प्रतिष्ठानहरूमा शैक्षिक पुस्तकालयहरू स्थापना गरिएका छन्।

सामुदायिक पुस्तकालय :

स्थानीय जनताले चन्दा उठाएर, कुनै समाजसेवी वा व्यक्ति विशेषले, सामुदायिक संघ-संस्थाले, गैरसरकारी संघ-संस्थाले वा अन्तर्राष्ट्रिय संघ-संस्था आदिबाट स्थापित वा सञ्चालित पुस्तकालयलाई 'सामुदायिक पुस्तकालय' भन्ने गरिन्छ। सामुदायिक पुस्तकालयमा उपस्थित भएर आफ्नो रुचि अनुसारका पुस्तक र पत्रपत्रिकाहरू पढ्न पाउने व्यवस्था मिलाइएको हुन्छ। ती पुस्तकालयमा सदस्यता लिएर वा निश्चित शुल्क तिरेर आवधिक रुपमा पुस्तकादि घर लगेर पढ्ने सहुलियत

पनि हुने गर्दछ। सरकारबाट यदाकदा र केही सीमितलाई मात्रै सरकारी अनुदान प्राप्त हुने यस्ता सामुदायिक पुस्तकालय लगभग एक हजारको संख्यामा रहेको अनुमान गरिन्छ। नेपालको इतिहासमा विश्वेश्वरप्रसाद कोइराला र मनमोहन अधिकारी प्रधानमन्त्री भएको बेला चाहिँ सार्वजनिक पुस्तकालयको लागि बजेट नै छुट्याइएको पाइन्छ।

सामुदायिक पुस्तकालयको प्रमुख महत्व भनेको किशोर र युवाहरूलाई कुलतबाट जोगाउनु हो। उनीहरूलाई कुसंगत र कुलतबाट टाढा राख्न तथा विद्यालय तहका पुस्तक बाहेक सांसारिक ज्ञानगुन, वैश्विक आविष्कार, प्रविधि, विज्ञान, पर्यावरण, भूगोल, इतिहास आदिको जानकारीमूलक पुस्तक पढेर समयको सदुपयोग गर्न प्रेरित गर्नु हो। त्यसैगरी, शिक्षित बेरोजगार युवाहरूलाई विभिन्न समयमा खोलिने सरकारी वा गैरसरकारी निकायका रिक्त दरबन्दीहरूमा भर्ना हुने सम्बन्धी सूचनाको जानकारी पनि पुस्तकालयमा आउने पत्रपत्रिकाहरूबाट हुन्छ। सामुदायिक पुस्तकालय विभिन्न व्यक्तिहरूसँग चिनजान गर्ने पनि उपयुक्त स्थल हो।

विशिष्ट पुस्तकालय :

कुनै विशेष क्षेत्र, विधा, भाषा, माध्यम वा पाठकसँग सम्बन्धित पुस्तक, पत्रपत्रिका लगायतका पठन सामग्रीहरू संग्रहित पुस्तकालयलाई 'विशेष वा विशिष्ट पुस्तकालय' भनिन्छ। जस्तैः मदन पुरस्कार पुस्तकालय, कारागार पुस्तकालय, राष्ट्रिय ब्रेल पुस्तकालय इत्यादि।

परम्परागत पुस्तकालय :

हामीकहाँ १९५० देखि १९६० को बीचमा विभिन्न स्थानमा सार्वजनिक पुस्तकालयको स्थापना भए। सन् १९९० मा निरंकुश राजतन्त्रको अन्त्यसँगै पुनः सामुदायिक पुस्तकालयहरूले गति लिन थाले। यद्यपि नेपालमा हालसम्म पनि पुस्तकालय सम्बन्धी आवश्यक नीति र नियम अनुगमन गर्ने सरकारी निकाय नभएकाले देशभर कति पुस्तकालय छन् र पुस्तकालयको अवस्था कस्तो छ भन्ने तथ्यांक छैन। हाम्रो देशमा भएका अधिकांश पुस्तकालय परम्परागत पुस्तकालय नै हुन्। जहाँ पुस्तकहरूका अतिरिक्त विभिन्न पत्रपत्रिकाहरू हुन्छन्। पुस्तकालयमा भएका पुस्तक तथा पत्रपत्रिका त्यहीं बसेर पढ्ने अथवा सम्बन्धित पुस्तकालयको नियम अनुसार निश्चित समयका लागि घर लगेर पढ्ने सुविधा हुन्छ।

अहिले पनि ग्रामीण क्षेत्रका धेरै पुस्तकालयमा पुस्तकको सूची (catalogue) पनि कागज-कार्डमा बनाइएको हुन्छ। स्कूल, कलेज तथा क्याम्पसहरूले सञ्चालन गरेका पुस्तकालय समय अनुसार केही परिवर्तन भए पनि अधिकांश सामुदायिक पुस्तकालयको अवस्था उस्तै छ। मुलुक संघीयतामा गएको लामो समय बिते पनि स्थानीय सरकारहरूले समेत पुस्तकालयका लागि बजेट विनियोजन गर्न र पठन संस्कृतिलाई बढावा दिन पुस्तकालयको नवस्थापना तथा पहिल्यैदेखि भएका पुस्तकालयको सुसञ्चालन बारेमा ठोस निर्णय गर्न सकेका छैनन्। त्यसले गर्दा भएका पुस्तकालय पनि स्याहारविहीन भई जीर्ण बन्दै गएका छन्। यस अवस्थामा तीन तहकै सरकारले पुस्तकालयका बारेमा ठोस नीति बनाएर सामुदायिक पुस्तकालयको संरक्षणमा जुट्नु पर्ने आवाज उठिरहेको छ।

त्रिवि केन्द्रीय पुस्तकालय :

नेपालमा पुस्तकालयको इतिहास केलाउँदा नेपालकै ठूलो पुस्तकालयका रुपमा परिचित त्रिभुवन विश्वविद्यालय, केन्द्रीय पुस्तकालयको बारेमा चर्चा गरिनु आवश्यक हुन्छ। यो पुस्तकालयको स्थापना सन् १९५९ मा भएको थियो। करिब एक हजार दुई सय पुस्तक भण्डारण गरी शुरु भएको यो पुस्तकालयमा हाल चार लाख ३० हजारभन्दा बढी पुस्तक संग्रहित छन्। पुस्तकालयमा संकलित पुस्तक, ठूलो भवनमा त्यसले चर्चेको भू-भागका कारण यो पुस्तकालयले देशकै ठूलो पुस्तकालयको गौरव हासिल गरेको छ। यो पुस्तकालय भवन २०७२ सालको भूकम्पका कारण कमजोर स्थितिमा छ। हाल पुस्तकालयको नयाँ भवन निर्माण भएको छ। शैक्षिक गुणस्तरमा अन्तर्राष्ट्रिय क्षेत्रसँग प्रतिस्पर्धा गर्दै दक्ष जनशक्ति उत्पादन गर्ने लक्ष्यका साथ समयको माग अनुसार त्रिविले केन्द्रीय पुस्तकालय लगायत आंगिक क्याम्पसहरूमा समेत ई-लाइब्रेरी सञ्चालनमा ल्याएको छ।

कोभिड-१९ को प्रभाव र ई-लाइब्रेरीको उपादेयता :

सन् २०२० को जनवरीदेखि विश्वभरि नै महामारीको रुपमा फैलिएको कोभिड-१९ बाट संक्रमण हुन नदिन विश्वका अधिकांश देशहरूले गरेको लकडाउनमा शैक्षिक संस्था र पुस्तकालय पनि बन्द भए। त्यही समयमा इन्टरनेटका माध्यमबाट अनलाइन शिक्षालाई प्राथमिकता दिइएको थियो। विभिन्न विद्यालय र कलेजले अनलाइनबाट पठनपाठन गरे। यद्यपि अनलाइन शिक्षा त्यसबेलाको विकल्प त भयो, तर, सबैका निम्ति पहुँचयोग्य शुलभ हुन सकेको थिएन। त्यसयता पनि शैक्षिक संस्थाहरूले अनलाइन शिक्षाको मोडल विकास गरिरहेका छन्। सूचना र प्रविधिको विकाससँगै (डिजिटल/भर्चुअल लाइब्रेरी) र घुम्ती पुस्तकालय (सवारीसाधनमा पुस्तक राखी डुलाउने प्रविधि) मोबाइल लाइब्रेरीको विकासले गर्दा प्रयोगकर्ताले चाहेको समयमा आफ्नै हातमा सूचना उपलब्ध हुन सक्ने समयको विकास भएको छ। यो ई-लाइब्रेरीको विशिष्टतम उपादेयता हो।

प्रविधिमैत्री पुस्तकालय अर्थात् ई-लाइब्रेरी

पुस्तकको सट्टा पुस्तकालयमा गएर विद्युतीय माध्यम (कम्प्युटर, ल्याप्टप, आइप्याड, ट्याब्लेट, किन्डल र मोबाइल) को प्रयोगबाट पुस्तकलाई पढ्न सकिने प्रणालीलाई नै विद्युतीय पुस्तकालय हुन्। ई-लाइब्रेरी भनेको दूरशिक्षाको एक रुप हो, जुन इन्टरनेटका माध्यमबाट आफूलाई पायक पर्ने ठाउँमा बसेर पठनपाठन गर्न सकिन्छ। ई-लाइब्रेरीसँग सम्बन्धित धेरै तर्कहरू नभएका होइनन्। तर, आजको उन्नत प्रविधिको युगमा यो एक महत्वपूर्ण चर्चाको विषय बनेको छ। एकै ठाउँमा बसेर संसारभरका विश्वविद्यालयहरूका उपलब्ध पुस्तक सामग्री अध्ययन गर्न सकिन्छ।

यस्तो प्रविधियुक्त अनलाइन पुस्तकालयका पाठ्य सामग्रीहरू सहज र पहुँचयोग्य छन्। सञ्चारजन्य विकसित प्रविधिलाई उपयोग गर्न सकियो भने ग्रामीण र दुर्गम क्षेत्रमा पनि यसको पहुँच पुग्न सक्छ। ई-लाइब्रेरी पद्धति अपेक्षाकृत रुपमा सस्तो पनि हुन्छ। परम्परागत पुस्तकालयमा हुने खर्च (जस्तै : पुस्तकहरूको लागत, भण्डारण, यातायात, आवास, शिक्षक, सहयोगी मानव स्रोत) भन्दा कम लागतमा अनलाइन नै पुस्तक उपलब्ध हुने सहजता यसको अर्को मितव्ययी र समय पनि कम लाग्ने चाखलाग्दो पक्ष हो। कुनै पनि पाठक वा अनुसन्धाता वा शोधकर्ताले सहज तरिकाले ई-लाइब्रेरीमा कोर्ष गर्न र आफ्नो समय तालिका अनुसार योजना गर्न र अध्ययन गर्न पाउने सुविधा हुन्छ।

प्रविधिमैत्री भएर फेस-टु-फेस तथा प्रत्यक्ष (भर्चुअल) कक्षा र अनुसन्धानको संयोजनले आज लिफ्प कक्षा तथा मिश्रित शिक्षा प्रणालीलाई जन्म दिएको छ। यसप्रकार ई-लाइब्रेरीको विकासले शिक्षा आर्जन गर्ने वातावरणको सहजतासँगै पाठकको सिक्ने क्षमता समेत बढाउने विज्ञहरूले बताउने गरेका छन्। सूचना र प्रविधिको विकाससँगै समय वदलिएको छ। समय अनुसार पठन संस्कृति पनि बदलिएको छ। भौतिक पुस्तकालयमा प्रत्यक्ष पहुच र समय नहुने, तर अनलाइनमा बसेर पढ्न चाहनेहरुको लागी ई-लाइब्रेरी उपयोगि र भरपर्दो मानिन्छ। यसमाइ-पुस्तकहरु, अडियो, भिडियो, शैक्षिक पत्रहरु, पत्रिकाहरु, ई-जर्नल सहित डिजिटल सामग्रीहरुको अध्ययन गर्न सकिन्छ।

पाठकले कुनै पनि इन्टरनेट जडित उपकरणहरुलाई आफ्नो समयानुकूल, ठाउँ अनुकूल पढ्न सक्छन्। यसमा आफूले चाहे जस्तो खोज गर्न, शिर्षक र लेखहरुको विषय थाहा हुने बित्तिकै खोजी गर्न अनुमति इन्टरनेटले दिन्छ र पाठकले दिएको कमाण्ड अनुसार तथ्य डिस्प्ले गर्ने गर्दछ। यसको अर्को राम्रो र रोचक पक्ष भनेको उद्यारोमा पढ्न दिने हो। इन्टरनेटले केही समयका लागी डिजीटल अध्ययन अनुसन्धानका लागि सामग्री उपलब्ध गराउने गर्दछ। जसमा पाठकले पढ्नका लागि फन्ट साइज, पृष्ठभूमि रंग र अन्य जुनसुकै तरिकाले पनि खोज गर्न सक्ने व्यवस्था छ।

ई-लाइब्रेरीमा भएका कुनै पनि सामग्री अध्ययन गरि सकेपछि उपयोगि ठहरिएमा भविष्यमा खोज्न सजिलो होस भनि बुकमार्क गरेर राख्ने व्यवस्था पनि हुन्छ। शैक्षिक संस्थाका पुस्तकालय, सार्वजनिक पुस्तकालय लगायतका पुस्तकालयका लागि ई-लाइब्रेरी आवश्यक साबित भइसकेको छ। पुस्तक, पत्रिका लगायत कुनै पनि किसिमका परम्परागत कागजी सामग्री ई-लाइब्रेरीमा पाइँदैन। ई-लाइब्रेरीमा संसारलाई जोड्ने इन्टरनेटको माध्यमबाट प्राप्त हुने डिजिटल अध्ययन सामग्रीहरु पाइन्छन्। पाठकहरुले कम्प्युटरबाट पुस्तकालयको ई-रिसोर्सेस डाटावेशमा भण्डारण भएका ई-बुक्स, ई- जर्नल, ई-म्यागजिन, ई-न्युजपेपर आदिको अध्ययन गर्न सक्छन।

यसमा डिभीडि रोममा राखिएका सूचना सामग्रीहरु अध्ययन गर्न सक्छन। कसैको पनि आफ्नो घरबाट प्राप्त हुन नसक्ने श्रव्यदृश्यका शैक्षिक र सूचनामूलक कार्यक्रम हेर्न सुन्न सक्छन्। ई-लाइब्रेरीविशेष गरी शैक्षिक संस्थाहरुमा स्थापना गर्ने गरिएको छ। ताकि त्यहाँका विद्यार्थी, शिक्षक तथा अनुसन्धानकर्ताहरुले त्यहीबाट आफनो शैक्षिक आवश्यकता पूरा गर्न सक्छन। यस्ता शैक्षिक संस्थाहरुले अन्तर्राष्ट्रिय डाटावेशहरु पनि खरिद गर्ने र सब्सक्राइब्स गरेका छन्। यसले आफ्ना विद्यार्थी शिक्षक र अनुसन्धान कर्ताहरुलाई शैक्षिक स्रोत सामग्रीको अभाव महशुस नहोस भन्ने अपेक्षा हुन्छ। नविनतम् ज्ञानलाई इन्टरनेट प्रयोग गरेर वा नगरेर कम्प्युटर वा स्मार्टफोनको माध्यमद्वारा हेर्न, सुन्न वा पढ्न सकिने गरी व्यवस्थित गरिएका पुस्तकालयहरूलाई ई-लाइब्रेरी अर्थात् विद्युतीय पुस्तकालयको लोकप्रियता बढ्दै गएको छ।

हाल बिना इन्टरनेट पनि पढ्न सकिने सफ्टवेयरको विकास भएकाले परम्परागत पुस्तकालयको विकल्पको रुपमा विद्युतीय पुस्तकालयको प्रयोग बढिरहेको हो। पछिल्लो समय सूचना प्रविधिको क्षेत्रमा भएको तीव्र विकासले हिजोको क्ले-ट्याब्लेट (माटोमा चित्रात्मक संकेत दिने समय)देखि आजको ई-ट्याब्लेट (सूचना प्रविधिको समय)सम्मको अवस्थालाई तुलना गर्दा पुस्तकालयको परिभाषा नै परिवर्तन भएको पाइन्छ। सूचना प्रविधिको बढ्दो प्रयोगसँगै कोठाभित्र किताबहरूको संग्रह गरेर राखिने स्थायी प्रकृतिको पुस्तकालयको मात्र अस्तित्व रहन्छ भन्ने आम धारणामा समेत परिवर्तन आएको छ।

इन्टरनेटको माध्यमबाट ज्ञान र सूचना सस्तो, सुलभ र शीघ्र आदानप्रदान हुने सजिलो माध्यम भएको हुनाले संसारमा द्रूतगतिमा ई-लाईब्रेरीहरू स्थापना हुने क्रम जारी छ। इन्टरनेटमा एउटा किताबलाई धेरै जनाले पढ्न सक्ने भएकाले पनि यसको प्रयोग बढेको हुनु पर्छ। पुस्तकालय चहारिरहने झन्झटबाट मुक्त हुने र जुनसुकै बेला आफूले चाहेको पुस्तक वा सूचना विद्युतीय माध्यमबाट पढ्न सकिने भएकाले ई-लाइब्रेरी दिन-प्रतिदिन लोकप्रिय बन्दै गइरहेको छ। अहिले संसारमा भएको जुनसुकै देशको भाषा, साहित्य, संस्कृति, इतिहास, भूगोल, रहनसहन, खानपान लगायतका विविधता इन्टरनेटमा सजिलै हेर्न, सुन्न र पढ्न सकिन्छ। जुन सहजता ई-लाइब्रेरीमा पनि हुन्छ। बजारमा पाउन छाडिएका पुस्तक र पाठकलाई चाहिएको सन्दर्भ सामग्री सहजै पाउन सकिने भएकोले पनि ई-लाइब्रेरीको लोकप्रियता बढेको छ।

यसरी प्रविधिले तीव्र रुपमा फड्को मारेसँगै अध्ययन गर्न सकिने मात्र होइन, सुन्न र स्पर्शद्वारा पढ्न सकिने विद्युतीय प्रविधिमा आधारित पुस्तक समेत तयार भएका छन्। विद्युतीय प्रविधिमा आधारित सूचना सामग्रीहरूको आविष्कारले हरेक ज्ञानबर्द्धक सामग्रीहरू सहज रुपमा प्राप्त गर्न, अध्ययन/श्रवण र भण्डारण गर्न सहज भएको छ। इन्टरनेटको प्रयोगले सिङ्गो संसार एउटै परिवारमा परिणत भएको छ। ई-लाइब्रेरीको विकास र विस्तारले पाठकले चाहेको समयमा इन्टरनेट उपलब्ध जुनसुकै ठाउँमा पढ्न सक्ने वातावरणको विकास गरेको छ। जसले पाठकहरूलाई नयाँ-नयाँ जानकारी लिन, ज्ञान आर्जन गर्न, एकअर्काका अनुभव एवम् भोगाइ बताउन, सीप सिक्न र आफ्नो क्षमता विकास गर्न प्रेरित गराएको छ। यसैले आजको प्रविधि उन्नत विश्वमा ई-लाइब्रेरी अनिवार्य आवश्यकता भइसकेको छ।

झाडीमा भेटिएको शिशुको आमाबुबा पत्ता लागेन

भद्रपुर, भदौ १४। भद्रपुरबाट बेवारिसे अवस्थामा उद्धार गरिएको नवजात शिशुको आमाबुबा अझै फेला परेको छैन ।

भद्रपुर नगरपालिका-७ एमरेल्ड स्कूल अगाडिको भित्री सडकखण्ड नजिकैको झाडीमा फालिएको अवस्थामा मंगलबार साँझ साढे ७ बजेको समयमा एक महिने नवजात शिशु (छोरा)को उद्धार गरिएको जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी नायव उपरीक्षक खगेन्द्रप्रसाद रिजालले जानकारी दिए । 'कसले कति खेर झाडीमा शिशु फालेर गयो छरछिमेक कसैलाई थाहा छैन' -प्रहरी नायव उपरीक्षक रिजालले भने- 'कोही रोइरहेको आवाज सुनेपछि छरछिमेकहरू झाडीमा गएर हेर्दा शिशु देखेपछि तत्काल प्रहरीलाई खबर गरेका थिए ।'

वडा प्रहरी कार्यालय भद्रपुरको टोली तत्काल घटनास्थल पुगेर शिशुलाई उद्धार गरी प्रादेशिक अस्पताल लगेर भर्ना गरेका थिए । मंगलबार साँझदेखि शिशु अस्पतालमै छ । 'शिशु कसले फाल्यो भनेर घटनास्थल आसपासका सीसी टिभी फुटेज पनि प्रहरीलाई हेर्न लगायौं' -प्रहरी नायव उपरीक्षक रिजालले भने- 'तर पनि केही सुराक फेला परेन, आमाबुबा पत्ता लागेन ।' शिशु एकदमै स्वास्थ्य रहेको बताउँदै उनले भने- 'शिशुको अभिभावकत्व ग्रहणका लागि सीडीओ साबसँग सरसल्लाह गरी अघि बढ्ने छौं ।'

बेवारिसे अवस्थामा भेटिएको शिशु भद्रपुरस्थित मानव अधिकारका लागि महिला एकल महिला समूह झापाको भवनमा सुस्त मनस्थिति भएकी महिलाको हो कि भनेर प्रहरीले त्यसतर्फ पनि अनुसन्धान गरेको थियो । ती सुस्त मनस्थिति भएकी महिलाले साउन २६ गते छोरा जन्माइकी थिइन् ।

महिलाको पारिवारिक आर्थिक अवस्था दयनीयसँगै श्रीमान् पनि नभएकोले ती नै महिलाले शिशुलाई फालेर गएको हो कि भनेर आशंका उब्जिएपछि प्रहरी टोली मंगलबार राति १० बजे उनको घरमै पुगेर सोधिखोजी गरेका थिए । भद्रपुर-८ घोडामारा बस्दै आएकी छोरी र नातिलाई लिएर मंगलबार बिहान मात्र उनका बुबा यानेन्द्र राई इलामको सूर्योदय नगरपालिका गएका थिए ।

राईको त्यहाँ अर्को घर छ । त्यसपछि प्रहरीले राईसँग फोन सम्पर्क गरी नातिलाई भद्रपुर नगरपालिका लिएर आउन आग्रह गरे । उनले आफ्नो छोरी र नातिलाई बुधबार दिउँसो साढे २ बजे नगरपालिका ल्याएपछि बेवारिसे अवस्थामा भेटिएको शिशु त्यो नभएको भनी पुष्टि भएको भद्रपुर नगरपालिकाका उपप्रमुख राधा कार्कीले बताइन् ।

लागूऔषधबिरूद्ध जनचेतना

पथरीशनिश्चरे, भदौ १४। मोरङको पथरीशनिश्चरे नपा- ६ अस्थायी प्रहरी पोष्ट हसन्दह प्राङ्गणमा लागूऔषध रोकथाम तथा नियन्त्रण सम्बन्धी जनचेतनामूलक कार्यक्रम भएको छ ।

समुदाय-प्रहरी साझेदारीको अवधारणा अनुसार अस्थायी प्रहरी पोष्ट हसन्दह मोरङको आयोजनामा उक्त कार्यक्रम सम्पन्न भएको हो ।

चौकी प्रमुख प्रहरी सहायक निरीक्षक फौजकुमार थापा मगरले सहजीकरण गरेका थिए । कार्यक्रममा पथरीशनिश्चरे नपा-५ का वडा जनप्रतिनिधिहरू, पथरीशनिश्चरे-५ र ६ का स्थानीय लगायतको सहभागिता रहेको थियो ।

सडक भत्काएर बेवारिसे छोडेपछि...

दमक, भदौ १४। पाडाजुंगी गौरीगञ्ज सडकखण्ड भत्काएर बेवारिसे रुपमा छाडिएपछि दुर्घटनाको जोखिम बढेको छ भने धुलोका कारण आसपासका बासिन्दाहरु ठूलो मारमा परेका छन् ।

असोज मसान्तभित्र नै काम सक्ने भन्दै पाडाजुंगीदेखि गेउरीया नजिकसम्म साढे तीन किलोमिटर सडक भत्काएर अलपत्र पारिएको छ । सरकारले यो योजनालाई चालू आर्थिक बर्षको कार्यक्रममा समावेश नगरेपछि अहिले निर्माण अलपत्र परेको जनाइएको छ ।

नेपाल-भारत सीमा गौरीगञ्जसँग जोड्ने गरी पूर्व-पश्चिम राजमार्गको पाडाजुंगीबाट सडक स्तरोन्नति र विस्तारको काम शुरु भएको थियो । एसियाली विकास बैंक (एडीबी)को सहयोगमा रोड नेटवर्क डेभलपमेन्ट प्रोजेक्ट (आरएनडीपी) अन्तर्गत बनेको नमूना सडक भत्काएर बेवारिसे छाडिएको भन्दै स्थानीयहरु आक्रोशित बनेका छन् । सडक भत्काएको आधा बर्षभन्दा बढि भइसकेको छ ।

त्यति राम्रो र कहि नभत्केको सडक थियो । तर, अहिले भत्काएर बेवारिसे बनाइएको छ, कमल गाउँपालिका वडा नं. ६ का यज्ञप्रसाद आचार्यले भने । बर्षाको समयमा सडक भत्काएर अहिले बिजोग बनाएको भन्दै उनले यस बिषयमा सम्बन्धित निकायको ध्यान जान नसके दुर्घटनाको जोखिम धेरै रहेको उनको भनाइ छ ।

मंगलबारे र पाडाजुंगीमा स्थानीयले बाटोमा बारम्बार ढाँट पनि लगाउने गरेका छन् । धुलोका कारण समस्या भएको भन्दै ढाँट लगाउने गरेका हुन् । स्थानीय राजु खड्काका अनुसार धुलोले घरभित्र खाना खान र बाहिर निस्केर हिँड्न समेत नसक्ने अवस्था बनेको उनले गुनासो गरे ।

काम भइरहेको समयमा चालू आर्थिक बर्षमा योजना र बजेटमा समावेश नभएका कारण समस्या भएको सडक डिभिजन कार्यालय दमकका प्रमुख सुरेश पौड्यालले जानकारी दिए । खरिदुंगा/माड्वा/पूर्वाञ्चल जेभीले निर्माण सम्झौता गरेको थियो । असोज मसान्तसम्ममा काम सक्ने गरी सम्झौता भए पनि यो चालू आर्थिक बर्षमा बजेटमा समावेश नहुँदा काम रोकिएको पौड्यालको भनाइ छ ।

निर्माण व्यवसायीले अघिल्लो आर्थिक बर्षमा ४५ प्रतिशतभन्दा बढि काम सकेकोमा ४० प्रतिशत मात्र भुक्तानी पाएको र पछिल्लो आर्थिक बर्षमा गरेको कामको कुनै पनि भुक्तानी नपाएको बताइएको छ । ११ करोड लागतमा सडक स्तरोन्नतिसहित चौडा बनाउने कामलाई बजेटमा समावेश गराउनका लागि प्रयास भइरहेको पनि पौड्यालले बताए ।

करको दायरा नबढाउन आग्रह

मोरङ, भदौ १४। मोरङको सुन्दरहरैंचा नगरपालिकाले करको दायरालाई वृद्धि गरेको जनाउँदै यसलाई फिर्ता गर्न आग्रह गरिएको छ ।

विभिन्न राजनीतिक दलले चरणबद्ध संघर्षका कार्यक्रमलाई जारी राख्दै सर्वसाधारणले तिर्न नसक्ने गरी निर्धारण गरिएको करलाई पुनरावलोकन गर्न माग गरेका हुन् । ती दलले पहिलाकै अवस्थामा करलाई ल्याउन अनुरोध गर्दै यसो नगरिए थप आन्दोलन गर्ने चेतावनी समेत दिएका छन् ।

'कर तिर्न हामी तयार छौं, तर नाजायज कर तिर्न हामी बाध्य छैनौं' भन्ने नाराका साथमा बृहत् नागरिक कार्यक्रम समेत आयोजना गरिएको छ । कार्यक्रमसँगसँगै कर वृद्धिबिरूद्धको हस्ताक्षर सङ्कलन जारी राखिएको छ । इन्द्रपुर साना शहरी खानेपानी तथा सरसफाई आयोजना उपभोक्ता समिति अध्यक्ष नवराज चापागाईंले वृद्धि भएको कर नघटाएसम्म आन्दोलनका कार्यक्रम जारी रहने बताए ।

सुन्दरहरैंचा नगरपालिकाको १२औं नगरसभाबाट आ.व. २०८०/०८१ का लागि पारित आर्थिक ऐन, २०८० जनताका पक्षमा नदेखिएको सुन्दरहरैंचा नगरपालिकाका संस्थापक नगर प्रमुख शिवप्रसाद ढकाल जानकारी दिए । उनले जनताको जीवनस्तरलाई कसरी सहज बनाउने, खस्कँदो व्यवसायलाई कसरी प्रोत्साहित गर्ने र आत्मनिर्भर बन्न नगरस्तरीय आन्तरिक उत्पादनको वृद्धि कसरी गर्ने भन्नेतर्फ ध्यान दिन आग्रह गरे ।

स्थानीय शिक्षासेवी तथा राजनीतिकर्मी महेश आचार्यले जनभावनाको कदर गर्दै कर सन्तुलित र जनप्रिय बनाउन सुझाव दिए ।

नारी सञ्चार गृहलाई सहयोग

बिर्तामोड, भदौ १४। झापाका महिला पत्रकारहरूको छाता संस्था नारी सञ्चार गृह झापाले बहुउद्देश्यीय लक्ष्य राखेर स्थापना गरेको 'नारी सञ्चार प्रोत्साहन अक्षयकोषमा' वृद्धिका लागि बिर्तामोड-४ निवासी गंगा तिम्सिनाले आर्थिक सहयोग गरेकी छन् ।

परिवेश डिजिटल मिडिया प्रालिका अध्यक्ष तथा परिवेश मिडिया डट कमका सञ्चालक समेत रहेकी तिम्सिनाले आफ्नो जन्मदिनमा सञ्चार गृहले स्थापना गरेको अक्षयकोषमा पाँच हजार पाँच सय ५५ रुपैयाँ बराबरको चेक नारी सञ्चार गृहको टोलीलाई हस्तान्तरण गरेको अक्षयकोष वृद्धि तथा परिचालन समिति संयोजक जोस्ना श्रेष्ठले बताइन् ।

महिला पत्रकारको क्षमता र दक्षता अभिबृद्धि, संस्थाको दीगोपनाका साथै सञ्चारको माध्यमबाट अन्य विविध क्षेत्रमा काम गर्ने उद्देश्यले संस्थाले स्थापना गरेको अक्षयकोषमा सामाजिक व्यक्तित्व, संघ-संस्था, स्थानीय सरकारले सहयोग गर्दै आएको छ ।

५० लाखको लक्ष्य राखेर शुरु गरिएको कोषमा हालसम्ममा ३६ लाख रुपैयाँ संकलन भएको जानकारी दिँदै संस्थाकी अध्यक्ष रेजिना गौतमले सहयोगप्रति आभार व्यक्त गरेकी छन् ।

सामुदायिक विद्यालयको अनुगमन

पथरीशनिश्चरे, भदौ १४। पथरीशनिश्चरे नगरपालिका वडा नं. ५ र ८ का दुई सामुदायिक विद्यालयहरूमा शैक्षिक अनुगमन गरिएको छ ।

अनुगमन समितिको संयोजक एवम् उपप्रमुख देवीमाया काफ्लेको अगुवाइमा ती सामुदायिक विद्यालयहरूको शिक्षा सम्बन्धी अनुगमन भएको हो । वडा नं. ८ मा रहेको बुद्ध माविं तथा वडा नं. ५ को अमरसिंह माध्यमिक विद्यालयमा नगरकी उपप्रमुख काफ्ले, नगरका शिक्षा अधिकृत नवीन खुलाल समेतको टोलीले विद्यालयको अनुगमन तथा विद्यालयमा देखिएका समस्या र विद्यार्थीहरूका गुनासोहरू समेत संकलन गरेको थियो ।

गुनासो संकलनपछि शिक्षक तथा सरोकारवाला पक्षहरू बीचमा पनि छलफल गरिएको थियो । बुद्ध माविमा भएको छलफल तथा अन्तरक्रियामा वडाध्यक्ष नवीन कार्की तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष प्रकाश कार्की समेतको उपस्थिति रहेको थियो ।

विद्यालयमा देखिएका समस्या समाधान गर्न वडा कार्यालयले समन्वय गरिरहेको साथै विद्यालय व्यवस्थापन समितिले पनि शिक्षकहरूसँग अन्तरक्रिया गरी विद्यार्थीहरूको शैक्षिक सुधारका निम्ति कार्य योजना बनाई लागू गर्ने तयारी रहेको विद्यालय व्यवस्थापन समितिका अध्यक्षले जानकारी दिए ।

विद्यालयमा विद्यार्थीहरूले उठाएका गुनासा तथा समस्याका बारेमा शिक्षक तथा विद्यालय व्यवस्थापन समितिलाई जानकारी गराउँदै विद्यार्थीहरूका समस्या तत्काल समाधान गर्न शिक्षा अधिकृत नवीन खुलालले अनुरोध गरे ।

त्यसैगरी अमरसिंह माविमा गरिएको अनुगमनमा केही शिक्षकले कक्षा कोठामा समयको पालना गर्ने क्रममा नियमित नभएको पाइएकोले त्यस्ता शिक्षकलाई सचेत गराउने तथा स्पष्टीकरण सोधिने साथै विद्यालय व्यवस्थापन समिति तथा शिक्षक स्टाफ तथा अन्य सरोकारवालाहरूसँग विद्यार्थीहरूमा कक्षा छोड्ने समस्याको कारण पहिचान गरी विद्यालयमा विद्यार्थीहरूको उपस्थिति बढाउन छलफल गर्ने निर्णय भएको शिक्षा अधिकृतले खुलालले जानकारी दिए ।

ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।

ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२,
९८०१३६४०९३

उच्च गुणस्तर सुलभ मूल्य

सयपत्री बालुवा प्रशोधन उद्योग

यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिट्टी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ ।

सम्पर्क :
९८०४९५४४००
९८६६२४२४६६
अर्जुनधारा न.पा.- ४ झापा

हाड जोर्नी नसाका बिरामीलाई सुवर्ण अवसर

काठमाडौंका विशेषज्ञ बिर्तामोडमा

स्पार्क अस्पताल काठमाडौंका बरिष्ठ **डाक्टर अनिलकुमार महतो** यही **भदौ १५ गते शुक्रबार** स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोडमा आउँदै हुनुहुन्छ । आफ्नो समस्या जाँच गराई मौकाको फाइदा लिनुहोस् ।

जाँच हुने समस्याहरु :
- ढाड, कम्मर, गर्दन । घुँडा, जोर्नीहरु दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको
- शरीर झम्झमाउने, लाटो हुने, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको

समय : बिहान ८:०० देखि ३:००

स्पार्क पूर्वाञ्चल अस्पताल,
कनकाई रोड, नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा
(फोन : ०२३-५३०१२३, ९८५२६७५०३३

निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

भर्त ध्वज योड्हाडको नातिनी, हर्क बहादुर योड्हाडको छोरी १ नं प्रदेश पाँचथर जिल्ला नागी गा.वि.स वडा नं. ०७ स्थायी ठेगाना भइ हाल १ नं प्रदेशको झापा जिल्ला शिवसताक्षी न. पा. वडा नं. ११ बस्ने वीरमाया लिम्बुलीले यस शाखामा बचत खाता नं. १८२१५२४०३०११०२ सञ्चालन गर्दै आउनु भएकोमा मिति २०७५/०८/१६ मा निज खातावाला वीरमाया लिम्बुलीको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउँ भनी निज मृतकको छोरा नाता पर्ने विरेन माडयुडले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजातसहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । **बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ११९** बमोजिम निज मृतक खातावाला वीरमाया लिम्बुलीको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दाबीकर्तालाई दिनु नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स(-प्रमाण दाबी गर्न यस बैंकको बिर्तामोड शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराइन्छ । पछि कुनै उज्र बाज्रलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.
बिर्तामोड शाखा
मुक्तिचोक, बिर्तामोड, झापा
फोन नम्बर:- ०२३-५३०९१०

छापाखाना

क्यालेण्डर | विवाह कार्ड
बिल, भौचर | फ्लेक्स प्रिन्ट
स्टाम (छाप) | कप, टि-सर्ट
लेमिनेशन | फोटोकपी

आकर्षक, शुद्ध र छिटो छपाईका लागि सधै सम्झनुहोस् ।
७ बार ७२ महिना संचालनमा
घिमिरे अफसेट प्रेस
अतिथिसदन उत्तर पट्टिको घर
फोन नं. : ०२३-४९०१५९,
आफिस: ९७४६८७९७०२
९८४२६२४३५३, ९८१४०३६३४४

साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै भ्याकुम सिष्टमको ठूलो ट्यांकीमा सफाई गरिने छ ।



विशाल हरिजन
९८२४९९०४६२,९७४५२६०८२५
९८१४९९३७१२, ९८४२६७७८५५

नोट: आधुनिक प्रविधिबाट सञ्चालित झापाकै सबैभन्दा ठूलो सेफ्टी ट्यांकी अनुभवी व्यक्तिबाट ट्वाइलेट ब्लक भएमा सर्भिसको व्यवस्था छ ।

डिजिटल तराजु

विशेष छुटमा

Barnet Weighing Scale
सुरुङ्गा कनपा-३, झापा
Mob. 9810405794, 9802742456

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजकुमार श्रेष्ठ
९८५२६४६००५, ९८०६०१०४१०
९८४२६३४६२, ०२३-५४६००५

दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

निःशुल्क स्वास्थ्य शिविर

यही मिति २०८०/०५/१३ र १४ गते बिहीबारका दिन बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर अष्टाङ्ग आयुर्वेद फार्मेसीमा आयुर्वेदका डाक्टर र फिजियोथेरापीका डा. ले निःशुल्क चेकजाँच गर्ने । साथै विभिन्न सेवा मा विषेश छुटको समेत व्यवस्था गरिएको छ । अनि १४ गते बिहीबार वृहत रक्तदान कार्यक्रमको पनि आयोजना छ नबिर्सी आउनु होला ।

विस्तृत जानकारीका लागि :
बिर्ता आर्युवेद एण्ड फिजियोथेरापी सेन्टर
बिर्तामोड, राजगढ स्टेण्ड दक्षिण
फोन: ०२३-५३२३६६, ५९०१६६,
मोबाइल : ९८०६०००३१३

उग्रतारा ट्रेड एण्ड इन्भेष्टमेन्ट प्रा.लि.
बिर्तामोड-५, झापाको

आवश्यकता ! आवश्यकता !!

यस उग्रतारा ट्रेड एण्ड इन्भेष्टमेन्ट प्रा.लि., बिर्तामोड, झापाका लागि एकान्टेन्ट - पुरुष तथा यस जिल्लाका भद्रपुर-चन्द्रगढी, राजगढ-धैलाडुब्बा, कॉकरभिट्टा-धुलाबारी, बुधबारे-चारआली, शनिश्चरे-खुदुनाबारी, चारपाने-लक्ष्मीपुर, दुर्गापुर-सुरुङ्गा, दूधे-झिलझिले, केरखा-पाडाजुङ्गी, गोरादह-गौरीगञ्ज, दमक-मधुमल्ला क्षेत्रमा केही बजार प्रतिनिधिको आवश्यकता परेकोले इच्छुकले यथाशीघ्र सम्पर्क गर्नुहोला । महिला दिदीबहिनीहरुलाई बिशेष प्राथमिकता दिइनेछ । योग्यता एकान्टेन्ट - बी.बी.एस उत्तीर्ण, बजार प्रतिनिधि- १२ कक्षा उत्तीर्ण, वा सोभन्दामाथि ।

सम्पर्क- ९८५२६७४९४७, ९८६२२२४४४४, अफिस- ०२३-५४३५१५, स्थान- बिर्तामोड मुक्ति चौकबाट ६०० मिटर उत्तर शनिश्चरे रोडबाट पुर्व खानेपानी अफिस जानेबाटो । तलब: आपसी समझदारीमा
1st come 1st serve. अन्तरवार्ता मिति: २०८०।०५।२०

ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -
आज पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौसला बढ्नेछ, छोटो दुरीको यात्रा हुनेछ, मन हर्षित रहला ।

बृष (इ, उ, ए, ओ, ब ा, बि, बु, बे, बो) -
तपाईको मन अशान्त रहन सक्छ, पारिवारिक कारणले मनमा चिन्ता बढ्नेछ, व्यर्थको यात्रा गर्नुपर्नेछ, खर्च बढेर जानेछ ।

मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -
आज दिनभर मन प्रशन्न रहनेछ, धन तथा स्वास्थ्य लाभ हुनुका साथै सुख प्राप्त होला, शत्रुमाथि विजय प्राप्त हुनेछ ।

कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -
बोल्दा विचार पुऱ्याउनुहोला, नयाँ वश्त्र प्राप्तिको योग रहेको छ, पराक्रममा वृद्धि होला, आफन्तजनको सहयोग प्राप्ति होला ।

सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -
समय सापेक्षित छ, जुनसुकै काम गरे पनि सिद्ध भएर जाने योग छ, साथीभाइले पूर्ण सहयोग गर्नेछन्, मन प्रशन्न रहला ।

कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -
स्वास्थ्य प्रतिकुल बनेर गयो, अनावश्यक झमेलामा फसिने योग रहेको छ, यो अवधिभर कसैसँग वादविवाद नगर्नु होला ।

तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -
कार्यसिद्धी हुने दिन छ, मान-सम्मानमा वृद्धि हुने, स्वास्थ्यले, भाग्यले साथ दिनेछ, थोरै पारिवारिक झमेला व्यहोर्नुपर्ने हुनसक्छ ।

बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -
समय मिश्रित फलदायी रहेको छ, टाउको तथा आँखा सम्बन्धी समस्याले सताउन सक्छ, सन्तान पक्षबाट सहयोग प्राप्त हुनेछ ।

धनु (ये, यो, भ, मि, भु, घ, फा, ढ, भे) -
धार्मिक कार्यमा सहभागी हुने दिन रहेको छ, बोल्दा विचार पुऱ्याउनुहोला, घुँडा तथा ढाडमा समस्या हुन सक्छ ।

मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -
क्रोधलाई नियन्त्रणमा राख्नु होला, बोलिको प्रभावले बन्नै लागेको काम पनि बिग्रन सक्छ, इष्टमित्रले साथ दिनेछन् ।

कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -
सन्तान पक्षबाट सुखद् खबर सुनिने छ, नचिताएको ठाउँमा यात्रा हुन सक्नेछ, प्रेम सम्बन्ध कसिलो बनेर जानेछ ।

मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -
अधुरा रहेका कामहरू सिद्ध हुने दिन आएको छ, उच्च अधिकारीबाट साथ, सहयोग र हौसला मिल्नेछ, मन हर्षित हुनेछ ।